www.csrcnepal.org

# भूमि अधिकार

वर्ष १३ | पूर्णाङ्क ३८ | असोज २०७१

## भावी संविधानमा भूमि सुधार

## भूमि सुधार, मौका नचुकाईयोस्



### अन्तर्वार्ता

संविधानले भूमि सुधारको आधार दिनुपर्छ

केही नहुनेसँग पनि ५ कट्ठा जमिन हुनुपर्छ

भूमि सुधारको विकल्प छैन

भूमि सुधार गर्न सबै शक्ति एकजुट हुनपर्छ

## नयाँ संविधानमा सम्पत्तिको हकसम्बन्धी बहस

+

गतिविधि

पाठक प्रतिक्रिया

शब्द तस्बिर

# भूमि अधिकार

वर्ष १३ | पूर्णाङ्क ३८ | असोज २०७१

सभासद्सँगको अपेक्षा...४

भावी संविधानमा भूमि सुधार...५

भूमि सुधार, मौका नचुकाईयोस्...८

संविधानमा भूमि सुधार, केही अन्तर्राष्ट्रिय अभ्यास...१०

नयाँ संविधानमा भूमि सुधारका सवाल र विकल्प...१३

नयाँ संविधानमा सम्पत्तिको हकसम्बन्धी बहस...१६

संविधानमा भूमि अधिकार...२१

अहिंसात्मक अभियानको यात्रा...२७



संविधानले भूमि सुधारको आधार दिनुपर्छ...२३

केही नहुनेसँग पनि ५ कट्ठा जमिन हुनुपर्छ ...२४

भूमि सुधारको विकल्प छैन...२५

भूमि सुधार गर्न सबै शक्ति एकजुट हुनपर्छ...२६









CSRC
आत्मनिर्भर केन्द्र

प्रकाशक :
सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)
पोस्ट बक्स नम्बर : १९७९०, भूमिघर, धापासी-८, काठमाडौं, नेपाल
फोन : ९७७-१-४३६०४८६, फ्याक्स : ९७७-१-४३५७०३३
इमेल : landrights@csrcnepal.org, वेभसाइट : www.csrcnepal.org

ग्राफिक डिजाइन :
बिक्रम चन्द्र मजुमदार | bmajumdar33@gmail.com

# सभासद्सँगको अपेक्षा

आफ्ना माग लिएर जाने वा आन्दोलन गर्ने जोसुकैलाई पनि नेताहरूले 'पहिले संविधान बन्न दिनोस्, अनि सबै माग सम्बोधन हुनेछ' भन्ने आश्वासन दिएर फर्काउने गरेका छन् । यसै विषयमा धेरै सम्झौतासमेत भएका छन् । यसरी दर्जनौं आश्वासन पाउने र सम्झौतासमेत गर्नेमा भूमि अधिकारबाट वञ्चितहरूसमेत अग्रपङ्क्तिमा पर्छन् । जसले काठमाडौंदेखि जिल्ला जिल्लामा समेत भूमिसम्बन्धी समस्या समाधान गरिने थुप्रै सम्झौतामा गरेका हस्ताक्षर सुरक्षित छन् ।

स्वाभाविक हो कि अहिले संविधान सभा नयाँ संविधान निर्माणमा जुटिरहेका बेला भूमि अधिकारबाट वञ्चितहरू झल्झल्ती ती सम्झौता तथा नेताहरूका वाचा सम्झिरहेका छन् । अनि सभासद्हरूलाई यसबारे ध्यानाकर्षण गराउने उचित बेला यही हो भनेर विभिन्न माध्यमबाट झक्झक्याइरहेका छन् । यस क्रममा उनीहरूले संविधान सभाका सदस्यहरू, खासगरी आफ्नै क्षेत्रकालाई चिठी पठाएर, मोबाइलबाट एसएमएस पठाएर, फोन गरेर तथा कार्यक्रमहरूमा बोलाएर उनीहरूले नै गरेका वाचा स्मरण गराइरहेका छन् ।


यतिमात्र हैन, गाउँदेखि जिल्ला हुँदै केन्द्रसम्ममा खबरदारी सभाहरू गरेर सभासद्हरूका ध्यान यसतर्फ खिचिरहेका छन् । संविधान सभामा भएको पहिलो चरणको छलफलमा भूमिको मुद्दा नसमेटिएकामा शङ्कासमेत व्यक्त गर्न थालेका छन् । अनि अधिकारबाट वञ्चितका समस्या सम्बोधन हुनेगरी संविधानमै आफ्ना माग सुनुवाइ हुने व्यवस्थाका लागि आग्रह गरिरहेका छन् । यसकै लागि विभिन्न जिल्लाबाट समूहगतरूपमै आएर खासगरी ठूला दलका नेता भेट्ने र स्मरणपत्र दिने अनि प्रतिबद्धता लिने काम पनि जारी छन् ।

यी सबैको उद्देश्य भूमिसम्बन्धी समस्या समाधान गर्नुपर्छ भन्ने हो । अनि यस्तो समस्या समाधानका लागि संविधानले नै बोल्नुपर्छ भन्ने हो र त्यसका लागि सभासद्हरूले दरिलो आवाज उठाउनुपर्छ भन्ने हो । आफूले मत दिएर विजयी गराएका सभासद्ले यस्तो कार्यको नेतृत्व लिइदिउन् भन्ने उनीहरूको अपेक्षा स्वाभाविक पनि छ । यसैले त यतिखेर भूमि समस्याबाट पीडितहरूको नजर मात्र सभासद्प्रति छ जसले आफ्ना समस्या समाधान गरिदिने वाचा गर्दै चुनाव जितेर आएका थिए । यस अर्थमा यतिबेला अधिकारबाट वञ्चितहरूले विभिन्नतवरबाट दबाब दिनु अत्यन्तै समसामयिक छ । उचित छ ।

जनताले आफ्नो मत दिएर विजयी गराएर पठाइसकेका छन् अर्थात् आफ्नो जिम्मेवारी पूरा गरेका छन् । अब बल सभासद्को नियन्त्रणमा छ । बललाई सदुपयोग गर्न सकेनन् भने यही पटकको राजनीति अन्तिम हुन पनि सक्छ किनकि राजनीतिमा कसलाई कति समय टिकाउने वा बाहिरी पाटो लगाउने भन्ने निर्णय जनताले मात्र गर्न सक्छन् । संविधान सभाका सदस्यहरूले यस सत्यमाथि ध्यान पुऱ्याउनु आवश्यक छ ।

सभासद्हरूका लागि यो ऐतिहासिक अवसर पनि हो । सबै जात, वर्ग, लिङ्ग, धर्म आदिका अधिकार उपलब्ध गराउन संविधान सभाबाट संविधान बनाउनुपरेको दाबी गरिँदै आएको छ । यदि यो सत्य हो भने भूमि अधिकारबाट वञ्चितका समस्या पनि सम्बोधन गर्न जरुरी छ । यसका लागि संविधानमै भूमि सुधारको प्रावधान राख्ने र सबैखाले भूमि समस्या समाधान गर्ने व्यवस्था उल्लेख गर्नुपर्छ । यसो भएमा मात्र भूमि अधिकारबाट वञ्चितका समस्याले निकास पाउनेछ र सभासद् तथा राज्यले उनीहरूसँग गरेका वाचाको पनि इमानदार कार्यान्वयन भएको ठहरिनेछ । त्यसैले यस्तो अवस्था सिर्जनाका लागि सबै सभासद्ले आ-आफ्नो ठाउँबाट ध्यान दिनु जरुरी छ । नत्र पछुताउनुको कुनै विकल्प बाँकी रहने छैन ।





दीनमणी पोखरेल

# भावी संविधानमा भूमि सुधार

## विषय प्रवेश

संसारभरि नै जमिनलाई इमिएन्ट डोमैन (Immanent Domain) को सिद्धान्तअनुसार यसको अन्तिम स्वामित्व राज्यमा रहनुपर्छ भन्ने र यसलाई अन्य वस्तुसरह निजी सम्पत्तिका रूपमा मान्यता दिई सम्पत्तिसरह मौलिक हकको विषय बनाउनुपर्छ भन्ने सैद्धान्तिक बहस कायमै छ। राजनीतिक दल, नागरिक समाज तथा भूमि अधिकारकर्मीहरूबीच नयाँ संविधानमा भूमि सुधार र भूमि अधिकारको विषयलाई कसरी सम्बोधन गर्ने भनि बहस चलिरहेको सर्न्दभमा त्यो बहसलाई भूमि अधिकारबाट वञ्चित गरिब, किसान, सुकुम्बासी, हलिया, कमैयाहरूको भूमिमाथिको अधिकार सुनिश्चित गर्ने दिशामा केन्द्रित गर्न सकियोस् र भावी संविधानमा भूमिको मुद्दा पनि तिनै समुदायको हित संरक्षण हुने गरी नयाँ संविधानमा कस्तो प्रावधान राख्न सकिन्छ भनि छलफल चलाउने कोशिस यो आलेखमा गरिएको छ।

## नेपालको संविधानमा भूमि

### नेपाल सरकार वैधानिक कानुन २००४

भूमिको मुद्दालाई छुट्टैरूपमा सम्बोधन गरेको छैन यद्यपि व्यक्तिगत सम्पत्ति संरक्षणको हकलाई मौलिक हकका रूपमा संरक्षण गरेको छ।[१]

### नेपाल अधिराज्यको संविधान २०१५

नेपाल अधिराज्यको संविधान २०१५ ले सम्पत्तिको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ। जसमा "कानुनबमोजिम बाहेक कुनै व्यक्तिको पनि सम्पत्ति अपहरण हुने छैन"[२] भन्ने र "प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, ग्रहण गर्ने तथा बेचबिखन गर्ने हक रहनेछ"[३] भन्ने व्यवस्था छ।

२०१५ सालको संविधानले सम्पत्तिलाई मौलिक हकका रूपमा संरक्षण गरे तापनि कानुनबमोजिम बाहेक कुनै व्यक्तिको सम्पत्ति अपहरण हुने छैन भन्ने व्यवस्थाले राज्यले कानुन बनाएर भूमिको स्वामित्वको हद तोक्न सक्ने र सोभन्दा माथिको जमिन राज्यले अधिग्रहण गरी गरिब, किसान, सुकुम्बासी तथा भूमि अधिकारबाट वञ्चित समुदायलाई वितरण गर्न बन्देज गरेको थिएन।

### नेपालको संविधान २०१९

नेपालको संविधान २०१९ मा पनि नेपाल अधिराज्यको संविधान २०१५ जस्तै "कानुनबमोजिम बाहेक कुनै पनि व्यक्तिको सम्पत्ति अपहरण हुने छैन"[४] भन्ने संवैधानिक व्यवस्था गरी सम्पत्तिको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरिएको छ। यद्यपि २०१५ सालको संविधानमा जस्तै प्रत्येक नागरिकलाई सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, ग्रहण गर्ने तथा बेचबिखन गर्ने हक रहनेछ भन्ने व्यवस्था गरिएको थिएन।

२०१९ सालको संविधानले पनि राज्यले कानुन बनाएर भूमिमाथि स्वामित्वको सिलिङ तोकी सिलिङभन्दा माथिको जमिन राज्यले अधिग्रहण गरिएको जमिन भूमि अधिकारबाट वञ्चित समुदायलाई वितरण गर्न सक्ने बाटो खोलिदिएको थियो। राजा महेन्द्रले यही संवैधानिक व्यवस्थाअन्तर्गत रही भूमिसम्बन्धी ऐन २०२१ जारी गरेका थिए। स्मरणीय के छ भने राजा महेन्द्रले लागु गरेका भूमि सुधार कार्यक्रममा जमिन अधिग्रहण गर्दा क्षतिपूर्ति दिनुपर्ने व्यवस्था थिएन।

### नेपाल अधिराज्यको संविधान २०४७

नेपाल अधिराज्यको संविधान २०४७ ले पनि सम्पत्तिको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ। जसमा,[५]

१. सबै नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

२. सार्वजनिक उपयोगका लागिबाहेक कुनै व्यक्तिको सम्पत्ति अधिकरण वा प्राप्त गर्न वा त्यस्तो सम्पत्तिउपर कुनै प्रकारको अधिकार सिर्जना गर्ने छैन।

३. सार्वजनिक उपयोगका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिकरण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ।

नेपाल अधिराज्यको संविधान २०४७ ले सम्पत्तिको हकलाई निजी अधिकारका

---

१ नेपाल सरकार बैधानिक कानुन २००४, धारा ४
२ नेपाल अधिराज्यको संविधान २०१५, धारा ६(१)
३ ऐ. ऐ. धारा ६(२)
४ नेपालको संविधान २०१९, धारा १५
५ नेपाल अधिराज्यको संविधान २०४७, धारा १७

रूपमा अझ बढी मजबुतरूपमा संरक्षण गरेको छ। यसले सार्वजनिक उपयोगको प्रायोजनका लागि राज्यले जग्गा अधिग्रहण वा प्राप्त गर्ने बाटो त खोलेको छ तर त्यसो गर्दा कानुनमा तोकेबमोजिम क्षतिपूर्ति दिनुपर्ने कुरालाई बाध्यात्मक बनायो। अर्को भाषामा भन्दा क्षतिपूर्तिको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरिएको छ।

## नेपालको अन्तरिम संविधान २०६३

संवैधानिक इतिहासमा नेपालको अन्तरिम संविधान २०६३ ले पहिलो पटक वैज्ञानिक भूमि सुधारको विषयलाई संवैधानिक मान्यता प्रदान गरेको छ।[६] यद्यपि सम्पत्तिको हकलाई भने मौलिक हकका रूपमा ग्यारेन्टी गर्ने कुरालाई निरन्तरता दिएको छ। नेपालको अन्तरिम संविधान २०६३ ले सम्पत्तिको हक सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ :[७]

१. नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

२. कुनै व्यक्तिको सम्पत्ति राज्यले अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले अधिकार सिर्जना गर्दा सार्वजनिक हितका लागि हुनुपर्ने तर अवैध ढङ्गले आर्जन गरेको सम्पत्तिको हकमा यो व्यवस्था लागु हुने छैन।

३. वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितका लागि राज्यले व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त वा कुनै अधिकार सिर्जना गर्दा क्षतिपूर्ति दिनुपर्ने र त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुने व्यवस्था छ।

नेपालको अन्तरिम संविधान २०६३ ले सम्पत्तिको हकका अतिरिक्त राज्यको दायित्वअन्तर्गत "सामन्ती भूस्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्ने नीति अवलम्बन गर्ने" व्यवस्था गरेको छ।[८] त्यसैगरी राज्यको दायित्वअन्तर्गत नै "सुकुम्बासी, कमैया, हलिया, हरूवा, चरुवालगायतका आर्थिक सामाजिकरूपले पछाडि परेका वर्गलाई जग्गालगायतका सामाजिक सुरक्षाको व्यवस्था गर्ने नीति लिने" व्यवस्था गरिएको छ।[९]

नेपालको अन्तरिम संविधान २०६३ ले सम्पत्तिको हकको सम्बन्धमा २०४७ सालको संविधानको मर्मलाई आत्मसात गर्दै क्षतिपूर्तिको हकलाई मौलिक हकका रूपमा ग्यारेन्टी गरेको छ। भूमि अधिकारबाट वञ्चित समुदायका लागि २०६३ सालको संविधान २०१९ सालको पञ्चायती संविधानभन्दा पनि प्रतिगामी छ। यसले सुकुम्बासी, कमैया, हलिया, हरूवा, चरुवालगायतका भूमि अधिकारबाट वञ्चित सीमान्तकृत समुदायभन्दा पनि जमिनदारको हित संरक्षण गरेको छ।

गहिरिएर विश्लेषण गर्दा जमिनदारको हकलाई मौलिक हकअन्तर्गत राख्ने र सुकुम्बासी, कमैया, हलिया, हरूवा, चरुवालगायतका हकलाई राज्यको नीतिअन्तर्गत राख्नुले पनि राज्य जमिनदारको पक्षमा रहेको स्पष्ट हुन्छ। सम्पत्तिको हक र क्षतिपूर्तिको हकलाई मौलिक हकअन्तर्गत राखेर वैज्ञानिक भूमि सुधारलाई राज्यको दायित्वअन्तर्गत राख्नुले वैज्ञानिक भूमि सुधारको विषय केवल कागजमा सीमित हुने र कार्यान्वयन नगर्ने विषय हो भनी स्पष्टरूपमा बुझ्न सकिन्छ।

## संवैधानिक समितिले निर्माण गरेको नेपालको संविधानको प्रारम्भिक खाका

पहिलो संविधान सभाले संविधान निर्माण प्रक्रियालाई पूर्णता दिन नसकी विघटित भए तापनि विभिन्न समितिका प्रतिवेदन एवम् प्रस्तावित मस्यौदा र संविधान सभाभित्र भएका बहसलाई समेत ध्यानमा राखी संविधान सभाको संवैधानिक समितिले नेपालको संविधानको प्रारम्भिक खाका प्रस्तुत गरेको थियो जसको धारा २४ मा सम्पत्तिको हक सम्बन्धमा निम्नानुसार व्यवस्था छ :[१०]

१) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

२) प्रगतिशील करको मान्यताअनुरूप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकताअनुसार कर लगाउन सक्नेछ।

३) सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारले कुनै अधिकार सिर्जना गर्ने छैन तर कुनै पनि व्यक्तिले गैरकानुनीरूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागु हुने छैन।

४) वैज्ञानिक भूमि सुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्बासीलाई वितरण गर्ने जमिन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा प्रचलित कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ।

५) भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण गर्न, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्न राज्यले कानुन बनाई भूमिको नियमन र व्यवस्थापन गर्न सक्नेछ।

त्यसैगरी संविधानको प्रारम्भिक मस्यौदाको भाग ४ मा राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्वको धारा ६० को (ङ) मा कृषि तथा भूमि सुधारसम्बन्धी नीति भन्दै निम्नानुसार व्यवस्था गरेको छ :[११]

६ नेपालको अन्तरिम संविधान २०६३, धारा १९,३३ (च)
७ उही धारा १९ (१) (२) (३)
८ उही धारा ३३ (च)
९ उही धारा ३३ (झ)
१० उही पेज ३५०
११ उही पेज ३५८

१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार लागु गर्ने

२) अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने

३) किसानको हक हित संरक्षण र सम्बर्द्धन गर्दै कृषिलाई व्यवसायीकरण र कृषिजन्य औद्योगिकीकरण गर्ने

४) भूमिको अध्ययन/अनुसन्धान गरी त्यसको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा भूमिको नियमन र व्यवस्थापन गर्दै समुचित उपयोग गर्ने

## विवादित विषय र निकास

### सम्पत्तिसम्बन्धी हकमा जग्गाको हदबन्दी तोक्ने वा नतोक्ने

भूमि प्राकृतिक स्रोत हो । यो व्यक्तिले सिर्जना गरेको विषय नभएको र सबैको जीवन यसैमा आश्रित भएकाले यसको समन्यायिक वितरण गरिनुपर्छ । जमिनको समन्यायिक वितरणका लागि जमिनको स्वामित्वको हदबन्दी तोक्न आवश्यक छ । जमिनको अन्तिम स्वामित्व राज्यमा रहने भएकाले पनि यसको समन्यायिक वितरण गर्ने दायित्व पनि राज्यको हो । यसर्थ राज्यले सार्वजनिक हितलाई समेत ध्यानमा राखी समयसापेक्षरूपमा जमिनको हदबन्दी तोक्नुपर्छ । नेपालको सन्दर्भमा भूमिसम्बन्धी ऐनमा हदबन्दी तोकेको र व्यवस्थापिकाले समयसापेक्षरूपमा जग्गाको हदबन्दी घटाउने अभ्यास गर्दै आएको सन्दर्भमा पनि यो केवल विवादका लागि विवादको रूपमा सिर्जना गरिएको विषय हो । यसर्थ राज्यले समय समयमा जग्गाको हदबन्दी तोक्न पाउने गरी संवैधानिक व्यवस्था हुन जरुरी छ ।

### समग्र सम्पत्तिको सीमा तोक्ने वा नतोक्ने

पुँजीवादी समाजमा भूमि सम्पत्तिमा हदबन्दी लगाउने कुरा सामान्य प्रचलनको विषय हो तर भूमिबाहेकका अन्य सम्पत्तिमा सामान्यतया सीमा तोकिँदैन । पुँजीवादी समाजमा जहाँ निजी सम्पत्तिलाई नागरिक स्वतन्त्रताको महत्वपूर्ण अङ्गमात्र होइन कि आर्थिक विकासको पूर्ण सर्त पनि मानिन्छ । त्यस्तो समाजमा सम्पत्तिको सीमा तोक्नु उपयुक्त मानिदैन । यद्यपि समाजमा रहेका असमानता कम गर्न र सबैलाई अवसरमा पहुँच सिर्जना गर्न राज्यले प्रगतिशील कर लगाएर आर्थिकरूपमा पछाडि परेको वर्ग वा समुदायलाई आर्थिकरूपमा सम्पन्न बनाउन विशेष कार्यक्रमहरू भने लागु गर्न सक्छ । सम्पत्तिका रूपमा भूमि र अन्य सम्पत्तिको फरकको सैद्धान्तिक पक्षलाई आत्मसात सबैले गर्नुपर्छ ।

### हदबन्दीभन्दा माथिको जग्गा प्राप्त गर्दा राज्यले क्षतिपूर्ति दिनुपर्ने वा नपर्ने ?

यो राज्यको नीतिको प्रश्न हो । तर हदबन्दीभन्दा माथिको जमिन राज्यले लिँदा क्षतिपूर्ति दिनुपर्ने विषयलाई मौलिक हकको रूपमा ग्यारेन्टी गर्नुहुँदैन । भारतको अनुभवले पनि यो कुरा पुष्टि गर्छ । भारतको संविधानको धारा १९(१)(च) मा सम्पत्तिको अधिकारलाई मौलिक हकका रूपमा राखिएको थियो । यसले भारतका विभिन्न प्रान्तमा भूमि सुधार कार्यक्रम लागु गर्न समस्या परेकोले सम्पत्तिको हकलाई मौलिक हकबाट हटाइयो ।[१२] भारतीय संविधानमा भएको ४४ औ संशोधनपछि मात्र भारतका केरला, पश्चिम बङ्गाललगायतका राज्यमा भूमि सुधार कार्यक्रम लागु गर्न सम्भव भएको थियो । अर्को स्मरणीय पक्ष के छ भने भूमि सुधार कार्यक्रम लागु गर्दा हदबन्दीभन्दा माथिको जमिन अधिग्रहण गर्दा क्षतिपूर्ति दिनुपर्छ भन्ने विधिशास्त्रीय मान्यता पनि होइन । भारतमा पनि भूमि सुधार कार्यक्रम लागु गर्दा क्षतिपूर्ति दिइएको थियएन र नेपालमा पनि २०२१ सालमा राजा महेन्द्रको नेतृत्वमा भूमि सुधार कार्यक्रम लागु गर्दा हदबन्दीभन्दा माथिको जमिन अधिग्रहण गर्दा क्षतिपूर्ति दिइएको थिएन । यसर्थ नयाँ संविधानमा क्षतिपूर्तिको विषयलाई मौलिक हकअन्तर्गत राख्नु उपयुक्त हुँदैन ।

## निष्कर्ष र सुझाव

भूमि सुधार नेपालको आर्थिक एवम् सामाजिक मुद्दामात्रै नभएर राजनीतिक मुद्दा पनि हो । यसर्थ नयाँ संविधानमा यो विषयको सही ढङ्गबाट सम्बोधन हुनु आवश्यक छ । यो मुद्दाको सम्बोधन गर्नका लागि जमिनदारको नजरबाट नभएर सामाजिक न्याय र भूमिहीन किसान, हलिया, कमैया, हरूवा, चरुवाको नजरबाट मुद्दालाई हेर्न, बुझ्न र आत्मसात गर्न आवश्यक छ । यसो गर्न सकिएको खण्डमा यो मुद्दाको उचित सम्बोधन हुन सक्छ ।

यस दृष्टिकोणबाट हेर्दा सम्पत्तिको हकलाई मौलिक हकअन्तर्गत राख्नु उपयुक्त हुँदैन । सम्पत्तिको हकलाई मौलिक हकअन्तर्गत राखे पनि हदबन्दीभन्दा माथिको जमिन राज्यले लिँदा वा अधिग्रहण गर्दा क्षतिपूर्ति दिनुपर्ने विषयलाई मौलिक हकअन्तर्गत राख्नुहुँदैन । सम्पत्तिको हकलाई मौलिक हकअन्तर्गत राख्दा सोही प्रावधानमा वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गरी जग्गाको हदबन्दी तोकी तोकेको हदबन्दीभन्दा माथिको जमिन राज्यले अधिग्रहण गरी भूमिहीन किसान, हलिया, कमैया, हरूवा, चरुवालगायतका भूमि अधिकारबाट वञ्चित समुदायलाई वितरण गर्न बाधा पर्ने छैन भनी स्पष्ट पार्नु उपयुक्त हुन्छ । यसो गर्न सकिएमा राज्यले भोलिका दिनमा सीमान्तकृत समुदायको हित वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गरी नेपालमा जमिनको सन्दर्भमा सामाजिक न्याय कायम गर्न सक्छ ।

१२ भारतको संविधानमा सन् १९७९ मा भएको ४४ औ संशोधनबाट मौलिक हकअन्तर्गतको धारा १९(१)(च) हटाइएको थियो ।



जगत देउजा

# भूमि सुधार, मौका नचुकाईयोस्

विद्यमान अन्याय, गरिबी, असमानता, विभेदका मूल जरोलाई छिमोल्न संविधान निर्माण एउटा ऐतिहासिक अवसर हो । नयाँ संविधानले लोकतान्त्रिक, समावेशी र समृद्ध मुलुक बनाउने आधार दिनुपर्छ । अनेकनमध्ये भूमिको असमानुपातिक वितरण गरिबी र द्वन्द्वको एउटा मूल कारक रहिआएको छ । सम्पत्तिको अधिकारमा भूमिको सीमा, हदबन्दी, भूमि अधिग्रहणमा क्षतिपूर्ति जस्ता विषय जटिल छन् । यसो हुँदा भूमिको अन्यायपूर्ण उपभोग र अनुचित प्रयोगलाई यथोचित ढङ्गले सल्टाउने बेला पनि यही हो ।

आधा शताब्दीभन्दा बढी समय भूमि सुधार बहसमा मात्र रुमलियो । कृषियोग्य जग्गाको गैरकृषीकरण तीव्र भइरहेको छ । उत्पादक शक्ति भूमिहीन र साना किसानको भूमि स्रोतमा पहुँच नहुँदा समग्र उत्पादन प्रक्रियामा नकरात्मक असर पुगेको छ । फलस्वरूप गरिबी र भोक झनै गहिरो भएर गयो । आखिर भूमि सुधार हुन नदिन केले रोक्यो ? राजनीतिक तहमा सहमति कायम गरी भूमि सुधार गर्न किन दलहरू असफल भए ? यसको वास्तविक कारण खोज्ने बेला पनि यही हो ।

सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि अहिलेको भूमि व्यवस्था र कृषि उत्पादन प्रणाली बाधक छ । कृषिकर्ममा रुचि र श्रम भएका उल्लेख्य समूहसँग कृषियोग्य भूमिको पहुँच छैन । भूमिको उल्लेख्य हिस्सा ओगटेकाहरू आफैँ खेती गर्दैनन् । र, खेती तिनको जीविकाको मूल स्रोत पनि होइन । भूमिसम्बन्धी सही नीति नहुँदा एकातिर बाँझो खेत र अर्कोतिर भोको पेट रहने स्थिति छ । खेती गर्नेको भूमिमा पहुँच नहुने वा न्यून हुने अवस्था अन्त्य गर्नु भनेको नेपालको समग्र अर्थतन्त्रको जग बसाउनु हो । यसका लागि भूमिलाई बुझ्ने दृष्टिकोणमा समस्या देखिन्छ ।

अरू सम्पत्ति आर्जन गर्दै थप्न सकिन्छ तर भूमि थपौँ भनेर थपिँदैन । भूमि सीमित स्रोत हो । त्यसैले भूमि व्यक्ति वा परिवारको निजी सम्पत्ति हैन । अहिले व्यक्ति वा परिवारले जमिनमा पाइरहेको हक उपयोगको मात्र हो । मालपोत कार्यालयमार्फत व्यक्तिले गर्ने जग्गा बेचबिखन, नामसारी पनि उपयोगको हक हस्तान्तरण हो । भूमिलाई निजी सम्पत्तिका रूपमा लिएकाले र सोही हदको कानुनी संरक्षण नै भूमि सुधार नहुनुको मूल कारण हो ।

आज पनि जनसङ्ख्याको ठूलो हिस्सा भूमिहीन, अर्ध भूमिहीन र गरिब किसान छन् । झण्डै ५ लाख नेपाली परिवारसँग घर बनाउने र खेती गर्ने जग्गा छैन । ९ लाख ६० हजार जति परिवारसँग नाममात्रको जग्गा छ जसमध्ये कति त घरबासकै लागि पनि असुरक्षित र अपुग छ । करिब ७ लाख किसान परिवार अरूको न्यून आकारको जग्गामा जोताहाका रूपमा श्रम गरेर बाँचिरहेका छन् । यिनीहरूमा दलित र जनजाति सबभन्दा बढी छन् । यस्तो अन्यायपूर्ण भू-वितरणलाई जस्ताको तस्तै राखेर सम्पत्तिको सुरक्षाको नाममा भूमिलाई वस्तुसरह मान्ने भूल भइरहेको छ ।

यसो हुँदा संविधानमा भूमिको मुद्दा कसरी सम्बोधन गर्ने भन्ने सवाल एउटा जटिल विषय हो । संविधानको मस्यौदा तयार हुँदै गर्दा भूमि स्रोतसम्बन्धी संविधानमा कस्तो व्यवस्था गर्ने भन्ने विषयमा बहस हुनु स्वाभाविक हो । संविधानमा यसको यथोचित सम्बोधन नभए विभेद, अन्याय, शोषण र द्वन्द्वको एउटा महत्वपूर्ण कारण समाजमा अनन्तकालसम्म रहिरहनेछ ।

भूमि स्रोतलाई संविधानमा कसरी व्यवस्था गर्ने भन्नेमा सघन बहस हुन आवश्यक छ । भूमिको बहस सुरु गर्नासाथ भूमि सुधारसँग मात्र जोडेर हेर्ने र भूमि सुधार भन्नासाथ हुनेको जमिन लिएर सुकुम्बासीहरूलाई बाँड्ने र केहीको सम्पत्ति खोसिने साँघुरो बुझाइले अलमल बनाइरहेको छ । यस्तो अलमल चिर्न भूमि स्रोतको स्वामित्वको यथार्थतालाई संविधानमा स्पष्ट गर्न सक्नुपर्छ । भूमि राज्यको स्वामित्वमा हुनेछ । नागरिकलाई निश्चित सर्तमा उपयोगको अधिकार हुनेछ । कृषियोग्य भूमि किसानले मात्र उपयोग गर्न पाउनेछन् भनेर स्पष्ट लेखिनुपर्छ । अनि भूमिसम्बन्धी हकलाई मौलिक हकअन्तर्गत हैन, संवैधानिक हकअन्तर्गत राखिनुपर्छ ।

अन्तरिम संविधानमा भाग ३ को दफा १९ को मौलिक हकअन्तर्गत सम्पत्तिसम्बन्धी व्यवस्थाअन्तर्गत वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्ति उपर कुनै अधिकारको सिर्जना गर्दा क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्ति,

सोको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ भनेर लेखिएको छ। अघिल्लो विघटित संविधान सभाका मौलिक अधिकार तथा निर्देशक सिद्वान्त समिति र प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समितिले सुझाएको व्यवस्था पनि अन्तरिम संविधानकै लाइनमा देखिन्छ। यिनमा भूमि सुधारका केही आसय झल्किए पनि भूमि निजी सम्पत्ति हैन भन्ने विषय छिनालेर स्थापित गरिएको छैन। यो प्राकृतिक स्रोत र उत्पादनको साधन हो भन्ने कुरामा विवाद नभए पनि हामीकहाँ यसलाई पूर्णतः निजी सम्पत्तिका रूपमा लिएकाले संविधानमा नै किट्नुपर्ने खाँचो भएको हो।

भूमिलाई मौलिक हकअन्तर्गतको सम्पत्ति हक मान्ने हो भन्ने राज्यले विकास निर्माणका लागि आवश्यक जग्गा पनि लिन नसक्ने अवस्था आउँछ। अर्थात जग्गावालाले भने जति मुआब्जा दिनुपर्ने हुन्छ। सरकारले भू-उपयोग नीति ल्याएको छ। ऐन बनाउँदैछ। जहाँ जग्गाको वर्गीकरण गर्ने व्यवस्था छ तर जग्गावाला मूल्य कम हुने डरले आफ्नो भूमि कृषि क्षेत्रअन्तर्गत राख्न चाहिरहेका छैनन्। संविधानमा भूमिसम्बन्धी स्पष्ट व्यवस्था नहुने हो भने जग्गावाला सर्वोच्चको ढोका ढक्ढकाउने जाने र सरकार निरीह हुने अवस्था आउन सक्छ।

भूमि सुधारले विभिन्न वर्गका लागि विभिन्नतवरले अर्थ राख्छ। सबैको अस्तित्व भूमिमा टिकेको भए पनि कसैले आवासको हदसम्म अर्थ रहन्छ। कसैको जीविका नै भूमिमा टिकेको हुन्छ। भूमिको महत्व सबभन्दा बढी किसानलाई हुन्छ। भूमि सुधार भनेको सबै भूमिहीनले स्वतः भूमिको टुक्रा पाउने हैन। सबैलाई जरुरी पनि छैन। आवासको अधिकार प्रयोजनार्थबाहेक मूलतः कृषि भूमि, कृषि कर्म गर्ने किसान (खेती गर्नेहरू) को लागि हो।


जमिन टुक्राउनु हुँदैन, चक्लाबन्दी गर्नुपर्छ भन्नेहरू नै सबभन्दा बढी भूमिलाई निजी स्वामित्वमा राख्न चाहिरहेका छन्। नागरिकलाई भूमिको उपयोगको अधिकारमात्र दिने र किसानले मात्र कृषियोग्य भूमि राख्न पाउने व्यवस्था भयो भनेमात्र जमिन टुक्रेर न्यूनतम जोतको आकारभन्दा सानो हुनबाट पनि बचाउन सकिन्छ। यसलाई निजी सम्पत्तिका रूपमा छाड्ने र हरेक व्यक्ति व्यक्तिमा टुक्राउँदै जाने हो भने समस्या अझै विकराल भएर जानेछ।

**भूमि स्रोतलाई राज्यको सम्पत्तिका रूपमा प्रष्ट किटेर यसमा नागरिकलाई उपयोगको अधिकार मात्र किटिनुपर्छ। सम्पत्तिको हक, भूमि सुधार र भूमिसम्बन्धी संवैधानिक व्यवस्था यी तीन विषयलाई संविधानमा छुट्टाछुट्टै स्पष्ट गरिनुपर्छ।**

भूमि सुधारको चर्चा हुँदा जमिनमा हदबन्दी लगाउने हो भने घरलगायतका अन्य सम्पत्तिको वितरण गर्नुपर्छ कि पर्दैन ? सहरका करोडौं मूल्यको घर बाँड्नुपर्छ कि पर्दैन ? भाडाको घरमा बस्नेले त्यसको आंशिक स्वामित्व पाउनुपर्दैन ? जस्ता प्रश्न उठ्ने गरेको छ। समन्यायिकताको हिसावले भूमिको वितरण हुनुपर्छ भने अन्य सम्पत्तिको पनि वितरण हुनुपर्छ भन्नु अन्यथा हैन तर भूमि सुधारलाई रोक्न मात्र यो विषय उठाउनु न्यायिक छैन। भूमि र अन्य सम्पत्ति दुवैलाई राज्यले न्यायोचित नियन्त्रण गर्छ तर नियन्त्रणको प्रक्रिया फरक हुन्छ। भूमिलाई हदबन्दी लगाउने, उपयोगको अधिकार निश्चित गर्ने, उपयोगबिहीन अवस्थामा राख्न नपाइने आदि गरिनुपर्छ भने सम्पत्तिमा प्रगतिशील कर लगाउनुपर्छ।

यी मूल विषयमा सैद्वान्तिक बहस जमेर हुनु आवश्यक छ। सम्पत्तिमा नागरिक हकको ग्यारेन्टीको अर्थ सीमित नागरिकको चयन र सर्वसाधारण नागरिकको चाहिँ आधारभूत अधिकार हुने अवस्था हैन। भूमि सुधार भनेको सम्पूर्ण भूमि क्षेत्रमा सामाजिक न्याय र उत्पादकत्व वृद्धिका लागि बृहत् कार्यक्रम हो। केवल भूमि वितरणको विषयमात्रै होइन। अत्यन्त पेचिलो मुद्दा भएकाले नयाँ संविधानमा भूमि सुधारको मुद्दालाई व्यावहारिकरूपमा सुल्झाउन जरुरी छ। यसका लागि अन्तरिम संविधानबाट अगाडि बढेर रूपान्तरणको मूलप्रवाहबाट बहिष्कृत, शोषित र पीडित जनताको न्याय र मुलुकको समृद्धिको मार्ग स्पष्ट हुनेगरी भूमि सुधार सम्बन्धमा व्यवस्था हुनुपर्छ।

भूमि स्रोतलाई राज्यको सम्पत्तिका रूपमा प्रष्ट किटेर यसमा नागरिकलाई उपयोगको अधिकार मात्र किटिनुपर्छ। सम्पत्तिको हक, भूमि सुधार र भूमिसम्बन्धी संवैधानिक व्यवस्था यी तीन विषयलाई संविधानमा छुट्टाछुट्टै स्पष्ट गरिनुपर्छ। यसका लागि यो विषयमा भूमि र कृषि अधिकार आन्दोलनमा दशकौं लागेका मूलतः राजनीतिक दल र सम्बन्धित किसान सङ्गठनहरू जोडतोडले लाग्नुपर्छ। यो बेला उनीहरू चुके भने हिजोको सङ्घर्षको कुनै अर्थ रहन्न। यो जटिल मुद्दामा सभासद्हरूको विवेकशील भूमिका त अझै महत्वपूर्ण छँदैछ। ✿



जगत बस्नेत

# संविधानमा भूमि सुधार, केही अन्तर्राष्ट्रिय अभ्यास

नयाँ संविधानमा भूमिका मुद्दा कसरी सम्बोधन होला ? यसले भूमि अधिकारबाट वञ्चित किसानको जीवनमा कस्तो खुसी ल्याउला ? संविधान गरिबका लागि हात्ती आयो, हात्ती आयो फुस्सा मात्रै पो होलाकी ? यो भने माघ २०७१ पछि थाहा हुनेछ। मूल प्रश्न फेरि पनि वर्गीय मुद्दा वा सवाल संविधानमा अट्छ कि अट्दैनन् भन्ने नै हो। संविधानमा भूमि अधिकारका मुद्दा सम्बोधन नभई भूमिहीन, मोही, हलिया, हरूवा, चरुवा, कमैया, कृषि मजदूर, भरिया, बँधुवा मजदुर आदिको जीवनमा खुसी, उन्नति र रूपान्तरण आउँदैन। भूमिमा आधारित सामन्ती आर्थिक तथा उत्पादन सम्बन्ध अन्त्य नहुँदासम्म नेपालबाट वास्तविक राजतन्त्र अन्त्य भएको मानिने छैन।

त्यसैले अब लेखिने संविधानमा 'घरबास सबैलाई, खेतीयोग्य जमिन जोत्नलाई' भन्ने मूल भावलाई सुनिश्चित गर्न संविधानमा भूमिहीन, मोही, हलिया, हरूवाचरुवा, कमैया, कृषि मजदूर, भरिया, बँधुवा मजदूर आदिको भूमिमाथिको अधिकारलाई संवैधानिक अधिकारका रूपमा स्वीकार गर्नुपर्छ। विश्वका जहाँजहाँ वास्तविकरूपमा भूमि सुधार भएका छन् ती सबै देशमा संवैधानिक व्यवस्था गरिएको पाइन्छ। राजनीतिक परिवर्तनपछि ल्याटिन अमेरिकन देश ब्राजिल, बोलिभिया, भेनेजुयला, मेक्सिको, अफ्रिकन देश दक्षिण अफ्रिका, केन्या, मालवी, युगान्डा, एसियन देश फिलिपिन्स, भियतनाम, इन्डोनेसिया सबैले संविधानमा नै भूमि सुधारको व्यवस्था गरेका छन्। तीमध्ये केही देशको व्यवस्था यस्तो छ :

## दक्षिण अफ्रिका

- दफा २५ (५) ले राज्यले देशका सबै नागरिकका लागि समताका आधारमा जमिन पाउने कानुन र नियम बनाइ लागु गर्नेछ र भूमिको पुनः वितरण गर्नेछ।
- दफा २५ (६) ले कुनै व्यक्ति वा समुदाय विगतमा भएका (सन् १९१३ पछि) का विभेदकारी कानुनका कारणले जमिनको असुरक्षा भएको र वा जमिनको अधिकार नपाएको रहेछन् भने संसदबाट कानुन बनाइ सबै समुदायको जमिनमाथिको हक सुरक्षित गरिनेछ। मोहीले वा कसैले लामो समयदेखि जमिन जोतिआएको छ भने निकालेमा अदालतमा मुद्दा हाल्न पाउने र जमिन पाउने व्यवस्था गरिनेछ।
- दफा २५ (७) ले कुनै व्यक्ति वा समुदायको सन् १९१३ पछिको विभेदकारी कानुन र व्यवहारबाट जमिन गुमाएका वा खोसिएका रहेछन् भने त्यस्तो जमिन पुनर्स्थापित गरिनेछ।

## केन्या


भाग ५ भूमि र वातावरण, धारा ६० (१) : सामाजिक न्याय, प्रभावकारी र दिगो व्यस्थापनका लागि राज्यले तल उल्लिखित सिद्वान्त अवलम्बन गर्नेछ :

- न्यायोचित वितरण
- भूमि अधिकारको सुरक्षा
- दिगो र उत्पादनयोग्य ब्यवस्थापन
- पारदर्शी र मितव्ययी प्रशासन
- वातावरण संरक्षण
- लैङ्गिक विभेदको अन्त्य
- स्थानीय प्रथाजनित हकको संरक्षण र सामूहिक अधिकार
- स्थानीय तहमा नै जमिनसँग सम्बन्धित द्वन्द्व मिलाउने अधिकार

दफा ६० (२) यी सिद्धान्तलाई राष्ट्रिय भूमि नीति र त्यससँग सम्बन्धित नीति नियम बनाइ लागु गराउने भनेको छ।

## भेनेजुयला

सन् १९९९ को संविधानको दफा ३०७ मा भूमि सुधारको व्यवस्था छ। जसमा ठूला जमिनदारले एकलौटी राखेका जमिन भेनेजुयलाका किसान र नागरिकको हितमा प्रयोग गरिने उल्लेख छ।



## ब्राजिल

भाग ३ भूमि तथा कृषि सुधार, धारा १८४ : सार्वजनिक हितका लागि राज्यले जमिन लिन सक्ने र त्यसको न्यायोचित क्षतिपूर्ति दिने ।

धारा १९१ : कुनै पनि व्यक्ति सहर वा गाउँमा भूमिको स्वामित्व र स्रोतबाट वञ्चित छ र उसले आफू र आफ्नो परिवारको श्रमले खेती गर्छ भने ५० हेक्टरसम्मको जमिन दिइनेछ ।

## फिलिपिन्स

धारा १३ : समग्र भूमि सुधार र प्राकृतिक स्रोतको सुधार, दफा ४ : राष्ट्रले कानुनीरूपमा भूमिहीन नियमित कृषि मजदूर वा मोहीले जोतिरहेको जमिन सिधै अथवा सामूहिकरूपमा पाउने व्यवस्था कृषक अधिकारअन्तर्गत समग्र भूमि सुधार कार्यक्रमले बनाउनेछ ।

# नेपालको सन्दर्भमा

यसरी अन्तर्राष्ट्रिय अनुभव हेर्दा र नेपालको वर्तमान सामाजिक, आर्थिक र राजनीतिक अवस्थाबीच तुलना गर्दा गरिब समुदाय र वर्गको रूपान्तरणका लागि नेपालको बन्दै गरेको संविधानमा निम्नबमोजिम संवैधानिक व्यवस्था गरिनु उपयुक्त देखिन्छ । जसले देशको आर्थिक क्रान्ति, गरिबहरूलाई सामाजिक न्याय, जीविका सुरक्षा र राज्यका हरेक अङ्गमा सहभागिता सुनिश्चितता गर्नेछ ।

## शोषणविरुद्धको हक

१) कसैलाई पनि हलिया, हरूवाचरुवा, कमलरी वा नोकर वा बँधुवा मजदूर बनाउन पाइने छैन । आफैँ किसान भएर काम गर्नेबाहेक अरूलाई ठेक्का वा अँधिया वा हुन्डामा दिएर श्रम शोषण गरिने छैन ।

## सामाजिक न्यायको हक

१) वर्गीय आधारमा राज्यका हरेक निकायमा भूमिमा श्रम गर्ने किसानको समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हक हुनेछ ।

## सम्पत्तिमाथिको हक

(क) कानुनबमोजिम हदबन्दीभित्र भएको जग्गाको क्षतिपूर्ति दिने ।

(ख) हदबन्दीभित्र वा बाहिर जे भए पनि प्रशासन वा राजनीतिक निर्णयमा प्रभाव पारी आफ्नो बनाएका जमिन वा गैरकानुनीरूपमा कानुनी बनाएका जमिनको क्षतिपूर्ति नदिने ।

## राज्यको दायित्व

- सबै नेपाली नागरिकलाई सुरक्षित घरबास उपलब्ध गराउने ।
- जमिनमा श्रम गर्ने किसानको कृषि जमिनको स्वामित्व, नियन्त्रण र व्यवस्थापन गर्ने नीति र कार्यक्रम ल्याउने ।
- घरबास तथा कृषि जमिनको स्वामित्व र नियन्त्रणमा महिला-पुरुष दुवैलाई समान हक दिने ।
- सामन्ती भू-स्वामित्व अन्त्य गर्दै एकीकृत भूमि सुधार जोताहा तथा भूमिहीन किसानका पक्षमा लागु गर्ने नीति छिटै कार्यान्वयन गर्ने
- मोही, सुकुम्बासी, हलिया, हरूवाचरुवा, कमैया, कमलरी, कृषि मजदूरलगायतका आर्थिक/सामाजिकरूपले पछाडि पारिएको वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षासहितको पुनर्स्थापना गर्ने नीति लिने ।

## निर्देशक सिद्धान्त

१) देशमा उपलब्ध प्राकृतिक स्रोत साधनलाई सीमित व्यक्ति वा वर्गमा केन्द्रित हुन नदिई त्यसको उपयोग र लाभलाई सामाजिक न्यायका आधारमा वितरण गरी सामन्ती आर्थिक तथा उत्पादन सम्बन्ध अन्त्य गर्दै एकीकृत भूमि सुधारका माध्यमबाट गरिब मानिसको जीवनस्तरमा आमूल परिवर्तन गर्नु राज्यको उद्देश्य हुनेछ ।

२) एकीकृत भूमि सुधारका आधारमा प्राकृतिक स्रोतहरूको अधिकतम प्रयोग गरी ग्रामीण औद्योगिकीकरण, रोजगार सिर्जना र आर्थिक उन्नति गर्ने राज्यको उद्देश्य हुनेछ ।

## नीतिहरू

राज्यले कानुनीरूपमा भूमिहीन, जोताहा मोही र नियमित कृषि मजदूरले जोतिरहेको जमिन व्यक्तिगत वा सामूहिकरूपमा पाउने व्यवस्था गर्नेछ । यसका लागि संसदले प्रभावकारी हदबन्दी, कृषि सहयोग, ग्रामीण विकासलाई ध्यानमा राखेर नीतिहरू अनुमोदन गर्नेछ ।

राज्यले मोही, सुकुम्बासी, हलिया, हरूवाचरुवा, कमैया, कमलरी, कृषि मजदूरलगायतका आर्थिक सामाजिकरूपले पछाडि पारिएका वर्ग र अन्य स्वतन्त्ररूपमा रहेका किसानका संस्थाहरूको सहभागितामा कार्यक्रमहरूको योजना र व्यवस्थापन सुनिश्चित गर्नेछ । कृषिका निम्ति उचित प्रविधि, अनुसन्धान, आर्थिक सहयोग, उत्पादन, बजार र अन्य सहयोगी सेवाहरू उपलब्ध गराउने नीति लिनेछ ।

वातावरण संरक्षण, सामाजिक न्यायसहितको विकास र कृषि सुधारका आवश्यकतालाई ध्यानमा राखेर संसदले सरकारी अधिनको जमिनको क्षेत्रफल, कति उपार्जन गर्न पाउने, कति लिन पाउने अथवा भाडामा पाउने र त्यससम्बन्धी सर्तहरूको निर्णय र व्यवस्था गर्नेछ ।

राज्यले ग्रामीण औद्योगिकीकरण, रोजगार र उत्पादनका लागि जमिन मालिकहरूलाई कृषि सुधार कार्यक्रममा लगानी गर्न प्रोत्साहन गर्नेछ ।

राज्यले विस्तृत ग्रामीण विकास र एकीकृत भूमि सुधारलाई सँगै लैजान प्रोत्साहन गर्नेछ ।

राज्यले गैरसरकारी संस्था, समुदायमा आधारित संस्था र नागरिक समुदायलाई एकीकृत भूमि सुधार र राज्यको आर्थिक विकासमा सहयोग पुऱ्याउन प्रोत्साहन गर्नेछ ।

जतिसक्दो चाँडो समयमा सरकारले बाँझो वा प्रयोगबिहीन कृषियोग्य जमिनलाई एकीकृत भूमि सुधार कार्यक्रमका लाभदायी समूहहरूलाई वितरणका निम्ति कानुनले तोकेबमोजिम आफ्नो अधिनमा बनाउनेछ र वितरण गर्नेछ ।

नेपालमा कुनै पनि बहुराष्ट्रिय वा विदेशी कम्पनीको निजी स्वामित्वमा जमिन हुने नीति लिने छैन ।

## सङ्घीय संरचना

पुनर्संरचित राज्य संरचनाका विभिन्न प्रतिनिधिमूलक र निर्णायक तहहरूमा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ । राज्यका हरेका संरचनामा किसानको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गरिनेछ ।

**संवैधानिक व्यवस्था नहुँदा जमिनदार, विदेशी कम्पनी र सम्पन्न वर्गले राजनीतिक पार्टी र सरकारको भूमि सुधार गर्ने तीव्र इच्छा भए पनि गर्न नदिएका ल्याटिन अमेरिकन देशहरूको अनुभवले देखाएको छ ।**

कृषियोग्य भूमि सङ्घीय राज्यको मातहत हुनेछ र संविधानभित्र रही भूमि सुधारका नीति र कार्यक्रम ल्याउन स्वतन्त्र हुनेछ ।

## भूमि तथा कृषि विकास आयोग

१) नेपालमा एक भूमि तथा कृषि विकास आयोग स्थापना हुनेछ । यसको सात सदस्यीय केन्द्रीय र प्रत्येक जिल्लामा जिल्ला भूमि तथा कृषि विकास आयोगहरू गठन हुनेछ । यसको अवधि ४ वर्षको हुनेछ । आयोगमा स्वतन्त्र र भूमि तथा कृषि विज्ञहरू यसका अध्यक्ष वा सदस्य हुन सक्नेछन् ।

## अन्त्यमा

कृषि अर्थतन्त्रमा आधारित नेपालको आर्थिक क्रान्तिको मूल आधार एकीकृत भूमि सुधार नै हो । जसअन्तर्गत भूमिको पुनर्वितरण, कृषि सहयोग, कृषि न्याय र भूमि प्रशासनको रूपान्तरण पर्छन् । यी चारै कुरा एकअर्कामा सम्बन्धित छन् । त्यसैले यी चारै कुरा संविधानमा व्यवस्था हुनु आवश्यक छ । संवैधानिक आधारमा नै अहिले बोलिभिया, फिलिपिन्स, भेनेजुयला, दक्षिण अफ्रिका आदि देशमा भूमि सुधार कार्यक्रम तीव्ररूपमा अगाडि बढेका छन् । यसैगरी जापान, ताइवान, दक्षिण कोरिया र पश्चिम बङ्गालमा पनि संवैधानिक व्यवस्थानका आधारमा नै गरिबहरूको पक्षमा भूमि सुधार भएको हो । संवैधानिक व्यवस्था नहुँदा जमिनदार, विदेशी कम्पनी र सम्पन्न वर्गले राजनीतिक पार्टी र सरकारको भूमि सुधार गर्ने तीव्र इच्छा भए पनि गर्न नदिएका ल्याटिन अमेरिकन देशहरूको अनुभवले देखाएको छ । त्यसैले नयाँ नेपालको नयाँ आर्थिक व्यवस्था, सामाजिक न्याय, जीविका सुरक्षा र मानव अधिकारको संरक्षणका लागि माथि उल्लिखित संवैधानिक व्यवस्थाले अवश्य योगदान गर्नेछ । यसका लागि संविधान सभाका सम्पूर्ण सदस्य वर्गीय सवालमा अडिग रही भूमि सुधारका पक्षमा संविधानमै व्यवस्था गर्न सफल हुनुहुनेछ भन्ने आशा गरिबले राखेका छन् । ✿



डा. पूर्ण नेपाली

# नयाँ संविधानमा भूमि सुधारका सवाल र विकल्प

## पृष्ठभूमि

भूमि नेपाल जस्तो कृषिमा आधारित समाजमा सामाजिक तथा आर्थिक हैसियतको एउटा बृहत् सूचक हो। यो जीविकोपार्जन, आत्मसम्मान र प्रतिष्ठाको एउटा प्रमुख स्रोत मात्र नभई समृद्धिको महत्वपूर्ण आधार बनेको छ। जसको भूमिमाथि बढी स्वामित्व छ त्यति नै बढी आर्थिक सम्भाव्यता र अधिकारको आधार हुन्छ। यसको सम्भावित लाभका कारण र उद्योग, कलकारखाना र व्यापारले आर्थिक क्षेत्रमा उल्लेखनीय योगदान नभइसकेको अवस्थामा त अझै भूमिले सामाजिक तथा आर्थिक हैसियत निर्धारण गर्नमा बढी अर्थ राख्ने गरेको छ।

भूमिको असमान र अव्यवस्थित वितरण (८०% भूमिमाथि २०% घरपरिवारको स्वामित्व रहेको) का कारण देशका एक तिहाइ जनसङ्ख्या भूमिको स्वमित्वबाट वञ्चित गरिएका छन् (केन्द्रीय तथ्याङ्क विभाग, २००६) जसका कारण उनीहरू व्यापक बहिष्करण र गरिबीमा धकेलिएका छन्। भूमि वितरणमा असमानता वास्तवमा आर्थिक वृद्धि हासिल गर्ने कार्यमा एउटा व्यवधान हो र त्यसको फलस्वरूप नेपाली अर्थतन्त्रमा योगदान पुऱ्याउने एउटा प्रमुख क्षेत्रका रूपमा रहेको कृषि क्षेत्र निष्क्रिय बन्न पुगेको छ। त्यसैकारण यो आर्थिक वृद्धि र प्रजातान्त्रिक सहभागितामा एउटा उल्लेखनीय तगारो हो। ऐतिहासिक अन्याय, गरिबी, बहिष्करण र असमानतालाई सम्बोधन गर्ने उद्देश्यले 'जसको जोत उसैको पोत' को आधारभूत सिद्वान्तमा आधारित भएर २००७ साल यता भूमि सुधारका सानातिना प्रयास गर्रिंदै आएका छन्। तथापि केही सामान्य परिवर्तनभन्दा यसले ग्रामीणस्तरमा खासै परिवर्तन ल्याउन सकेन। विश्वव्यापी सन्दर्भमा विशेषगरी भूमि सुधारको दृष्टिकोणले नेपाल समग्रमा एउटा असफल राष्ट्र मानिन्छ।

## सैद्धान्तिक अवधारणा

विभिन्न देशले अवलम्बन गरेका भूमि सुधारका प्रयास विशेषतः तीन प्रचलित सैद्धान्तिक अवधारणाबाट प्रभावित पाइन्छ :

## पुनः वितरणमुखी भूमि सुधार

पुनः वितरणमुखी भूमि सुधार 'जसको जोत उसको पोत' को सिद्धान्तमा आधारित छ। यसमा भूमि वास्तविक जोताहा किसानलाई पुनर्वितरण गरिन्छ। केही सीमित सम्भ्रान्त वर्गले ठूलो परिमाणमा भूमिमाथि नियन्त्रण राखेकाले (जस्तै- सन् १९१७ मा मेक्सिकोमा ९७% भूमिमाथि केवल १% सम्भ्रान्त वर्गको स्वामित्व थियो) सामाजिक न्यायका लागि त्यस्तो भूमिमाथि वास्तविक जोताहा किसानलाई हक दिनुपर्छ भन्ने हो। जसबाट प्रभावकारी उत्पादन र प्रतिफल पाउन सकियोस्। भूमि सुधारको यो अवधारणालाई सामाजवादी विचारधाराले समर्थन गरेको र समाजवादी सरकारहरूले लागु गरेको पाइएको छ।

## सुधारमुखी भूमि सुधार

यस अवधारणाअनुसार भूमि सुधार पनि सामाजिक तथा आर्थिक र राजनीतिक परिवर्तन (सुधार) सहयोगी हुनसक्छ भन्ने हो। यो कृषिजन्य सुधारको अवधारणामा आधारित छ, जहाँ भूमिको वितरणपछि आर्थिक रूपान्तरणलाई बल पुऱ्याउन सामाजिक तथा राजनीतिक र आर्थिक सुधारको कार्य हुन्छ। भूमि सुधारसम्बन्धी प्रयासहरूको अध्ययनले सुधारमुखी भूमि सुधारको वकालत र कार्यान्वयन उदार प्रजातान्त्रिक सरकारहरूले गर्ने गरेको पाइन्छ।

## रूपान्तरणमूखी भूमि सुधार

विश्वव्यापी सन्दर्भमा नयाँ अवधारणाका रूपमा देखापरेको 'रूपान्तरणकारी कृषिजन्य सुधार'ले हाल बहसमा रहेका सम्पत्तिमाथिको अधिकार, समता, सक्षमता आदि जस्ता सामाजिक-राजनीतिक र आर्थिक मुद्दालाई सम्बोधन गर्ने प्रयास गरेको छ। सङ्क्षेपमा यो अवधारणा प्रजातान्त्रिक, दिगो शान्ति, गरिबमुखी, सामाजिक र रूपान्तरणकारी सिद्धान्तमा आधारित छ। यो पद्धति माथि उल्लिखित दुई राजनीतिक विचारधाराका सरोकारलाई सम्बोधन गर्ने एउटा सहमतिको प्रयास जस्तो देखिन्छ।

## संविधान सभाका विषयगत समितिको प्रतिवेदन

### मुख्य प्रावधानहरू

संविधान सभाका समितिहरूले प्रस्तुत गरेका प्रारम्भिक मस्यौदा तथा अवधारणापत्रअनुसार नयाँ संविधानमा भूमि

सुधारको विषयलाई उचित स्थान दिइएको पाइन्छ। संविधान सभाको मौलिक हक तथा निर्देशक सिद्धान्त समितिले भूमि सुधारसम्बन्धी विशेष प्रावधान राखेको छ। यसका अतिरिक्त भूमिसम्बन्धी अधिकार प्राकृतिक स्रोतसँग पनि प्रत्यक्षरूपमा गाँसिएको विषय भएकाले प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समितिको प्रतिवेदन पनि सान्दर्भिक हुन आउँछ। मौलिक हकअन्तर्गत प्रस्ताव गरिएका भूमि सुधारसँग सम्बन्धित अधिकारहरू :

**स्वतन्त्रताको हक :**

प्रत्येक नागरिकलाई कुनै पनि पेसा गर्न पाउने र रोजगारी, उद्योग तथा व्यापारमा संलग्न हुन पाउने स्वतन्त्रता हुनेछ।

**खाद्यान्नको अधिकार :**

क) प्रत्येक नागरिकलाई भोकमरीविरूद्धको अधिकार हुनेछ।

ख) प्रत्येक नागरिकलाई खाद्यान्नको अधिकार हुनेछ।

**सम्पत्तिको अधिकार :**

क) प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने अधिकार हुनेछ। तर सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ।

ख) वैज्ञानिक/क्रान्तिकारी भूमि सुधार कार्यक्रम लागु गर्दा हदबन्दीभन्दा माथिको भूमि कानुनबमोजिम जफत गर्न सकिनेछ।

**शोषणविरूद्धको हक :**

क) प्रत्येक व्यक्तिलाई शोषणविरूद्धको हक हुनेछ।

ख) कुनै पनि व्यक्तिलाई प्रथा, परम्परा र प्रचलनको नाममा कुनै पनि किसिमले शोषण गर्न पाइने छैन।

ग) कुनै पनि व्यक्तिलाई बेचबिखन, दास वा बँधुवा मजदुर बनाउन पाइने छैन।

घ) कसैलाई पनि निजको इच्छाविरूद्ध काममा लगाउन पाइने छैन।

**आवासको हक :**

प्रत्येक व्यक्तिलाई पर्याप्त आवासको हक हुनेछ।

राज्यका निर्देशक सिद्धान्तले पनि स्रोतहरूको समतामूलक वितरण, सन्तुलित विकास, भूमि सुधार आदि विषयमा उचित ध्यान दिएको छ, जो सामाजिक न्याय सुनिश्चित गर्ने सवालमा महत्वपूर्ण विषय हुन्। भूमि व्यवस्थापनसँग सम्बन्धित केही प्रावधान :

- राज्यको प्रमुख उद्देश्य समृद्धि, न्याय, समतामूलक, सन्तुलित तथा समावेशी अर्थतन्त्र सुनिश्चित गर्नु हुनेछ।
- सम्भ्रान्त वर्गबाट हुने प्राकृतिक स्रोत तथा आर्थिक स्रोत साधनमाथिको कब्जा हुन नदिनु राज्यको उद्देश्य हुनेछ जसले गर्दा वर्ग, जाति, लिङ्ग तथा व्यक्तिको आधारमा हुने आर्थिक शोषणमाथि बन्देज लाग्न सकोस्।

**कृषि प्रधान समाजमा न्यून उत्पादकत्व र गरिबीको मूल कारणका रूपमा असमान कृषिजन्य संरचनालाई नै इङ्गित गर्छन्।**

### राज्यका नीतिहरू (१३) :

- सामन्ती भू-स्वामित्वलाई विस्तारै अन्त्य गर्दै वैज्ञानिक भूमि सुधार कार्यक्रमसम्बन्धी नीति अवलम्बन गर्नु।
- सामाजिक-आर्थिक सुरक्षासम्बन्धी वैकल्पिक नीति अवलम्बन गर्नु र भूमिहीन, सुकुम्बासी, बँधुवा मजदूर (कमैया, हलिया), हरूवाचरूवा, कमलरीलगायत आर्थिकरूपमा पछाडि परेका वर्गहरूलाई भूमि प्रदान गर्नु।

यस समितिको प्रतिवेदनमा बाहेक, मौलिक अधिकार तथा निर्देशक सिद्धान्त र राज्यको पुनःसंरचना तथा राज्यको शक्तिको बाँडफाँट समितिमा भूमि सुधारका महत्वपूर्ण प्रावधान उल्लेख छ। मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको मस्यौदा प्रतिवेदनको धारा १० सम्पत्तिको हकसम्बन्धी उपधारा ४ मा वैज्ञानिक भूमि सुधारका लागि



भूमिबिहीन र सुकुम्बासीलाई वितरणका लागि र उपधारा (३) मा उल्लिखित सार्वजनिक हितका लागि अधिग्रहण वा प्राप्तिका लागि क्षतिपूर्ति दिइने वा क्षतिपूर्ति कानुनबमोजिम हुनेछ। राज्यको पुनःसंरचना तथा राज्य शक्तिको बाँडफाँट समितिको मस्यौदा प्रतिवेदनमा धारा १५ (१) (ग) मा राज्यले भूमिहीन दलितलाई एकपटक जमिन उपलब्ध गराउने र बसोबास सुनिश्चित गर्ने उल्लेख गरेको छ।

## फरक मत

संविधान सभाको समितिको प्रतिवेदनमा सम्पत्तिको अधिकार, भूमि सुधार र राज्यको आर्थिक प्रणालीसम्बन्धी विषयहरूमा केही फरक मत पाइन्छ। यी फरक मत संविधान सभाको समीकरणमा देखिएका परस्पर विरोधी राजनीतिक विचारधारामा आधारित भएको पाइन्छ। फरक मतमध्येका केही प्रमुख बुँदा यसप्रकार छन् :

- हदबन्दीभन्दा माथिको जमिन अधिग्रहण/जफत भएको खण्डमा जग्गाधनीलाई यथोचित क्षतिपूर्ति दिइनुपर्छ। हदबन्दीभन्दा माथिको जमिन जफत गर्नु वा स्वामित्व हरण गर्नु मानव अधिकारको सिद्धान्त विपरीत भएकाले जग्गाधनीलाई कानुनअनुसार क्षतिपूर्ति दिइनुपर्छ।
- आर्थिक अधिकार/मौलिक हकअन्तर्गत प्रत्येक व्यक्तिलाई भोकमरीविरूद्ध खाद्यान्नको अधिकार छ। खाद्यान्न अभावको अवस्थामा कहाँ र कससँग खाद्यान्न माग गर्न सकिन्छ भन्ने कुरा स्पष्ट छैन। त्यसैले खाद्य सम्प्रभुताको अवधारणा यस अर्थमा पनि स्पष्ट नरहेको अवस्था छ।
- मौलिक हकअन्तर्गत क्रान्तिकारी र वैज्ञानिक भन्ने शब्दहरू पर्यायवाचीको रूपमा प्रयोग भएका छन्। यहाँ 'वैज्ञानिक' भन्ने शब्द पर्याप्त हुन्छ।

**नेपालले नयाँ संविधानमा भूमि सुधारको मुद्दालाई बुद्धिमत्तापूर्ण हिसाबले र व्यावहारिकरूपमा सुल्झाउन उचित ध्यान दिनुपर्छ।**

- क्रान्तिकारी भूमि सुधारमा हदबन्दीभन्दा माथिको जमिन जफत गरिनुपर्छ र सामन्ती भू-स्वामित्व अन्त्य गरिनुपर्छ।

प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजस्व बाँडफाँट समितिले नेपालमा समाजवादउन्मुख मिश्रित अर्थव्यवस्था हुने प्रस्ताव गरेको छ। विशेषगरी यसले भूमिहीन तथा अन्य भू-स्वामित्वका हिसाबले गरिब वा वञ्चितीकरणमा परेका समूहका अधिकार र सरोकारको संरक्षण गर्छ जसले गर्दा तिनीहरूलाई सामाजिक-आर्थिक सुरक्षा प्राप्त हुन जान्छ।

यी दस्तावेज अध्ययन गर्दा वैज्ञानिक भूमि सुधार भनेको झण्डैझण्डै कृषिजन्य सुधारकै पर्यायवाची हो। वैज्ञानिक भूमि सुधारका लागि उच्चस्तरीय आयोग, २०६७ को एउटा प्रतिवेदनले 'वैज्ञानिक भूमि सुधार' लाई समतामूलक वितरण, समावेशी आर्थिक वृद्धि, र शान्ति प्रक्रियालाई टेवा पुर्‍याउने गरी हुनुपर्ने सामाजिक-आर्थिक तथा राजनीतिक रूपान्तरणका मुद्दालाई सम्बोधन गर्दै सम्पूर्णताको अवधारणामा परिभाषित गरेको छ। वैज्ञानिक भूमि सुधारको अवधारणा कृषि उत्पादकत्व बढाउने कुरामा केन्द्रित छ, जुन स्रोत तथा शक्तिको समतामूलक वितरणसहितको समष्टिगत सामाजिक राजनीतिक रूपान्तरण गराउन उपयोगी हुन्छ।

## निष्कर्ष

भूमि संरचनागत मुद्दा हो (यो आर्थिक, सामाजिक तथा राजनीतिक शक्तिको समेत स्रोत हो) र यसले ग्रामीण शक्ति संरचनालाई समेत निर्धारण गर्छ। नेपालको इतिहासमा यो अत्यन्त विवादित विषय भएकाले पनि भूमि सुधार हरेक राजनीतिक सङ्क्रमणको केन्द्रीय मुद्दा बन्दै आएको छ। तसर्थ, वैज्ञानिक भूमि सुधार (जसले विस्तृत शान्ति सम्झौता, २०६३, अन्तरिम संविधान, २०६३ आदिले व्यवस्था गरेअनुरूपका पुनर्वितरणमुखी तथा सुधारवादी भूमि सुधारका अन्तरनिहित विशेषताहरू आत्मसात गरेको हुन्छ) लाई समग्र सामाजिक-राजनीतिक तथा आर्थिक रूपान्तरणका लागि एउटा उत्तम तथा सहमतिको बाटोका रूपमा लिन सकिन्छ।

यसर्थ नेपालले नयाँ संविधानमा भूमि सुधारको मुद्दालाई बुद्धिमत्तापूर्ण हिसाबले र व्यावहारिकरूपमा सुल्झाउन उचित ध्यान दिनुपर्छ। अन्तरिम संविधानमा भएका भूमिसम्बन्धी प्रावधानहरू हेर्दा भूमिहीन तथा गरिब जनताको अधिकार संरक्षण गर्ने प्रगतिशील व्यवस्था पाइन्छ। व्यक्तिगत सम्पत्तिको अधिकार र क्षतिपूर्तिको मुद्दा यद्यपि विवादास्पद नै छन्। विद्यमान प्रावधानका बावजुद अबको व्यवस्था अन्तरिम संविधानभन्दा पनि प्रगतिशील हुनुपर्छ ताकि भूमि सुधारका सम्पूर्ण चरण (योजना तर्जुमा, कार्यान्वयन, लाभ वितरण र अनुगमन तथा मूल्याङ्कन) निर्दिष्ट बाटोबाट विचलित हुन नपाउन्। अतः आगामी नयाँ संविधानले शताब्दियौँदेखि बहिष्कृत, शोषित, पीडित जनताको सामाजिक न्याय र समग्र राज्यको समृद्धिको प्रशस्त ढोका खोल्नु वा उपायहरूलाई मार्गदर्शन गर्नु उत्कृष्ट बाटो हो। ✿

डा. नेपाली भूमि सुधारमा विधावारिधि गर्नुका साथै उहाँ कोलार्पको संस्थापक सदस्य र पूर्व कार्यकारी निर्देशक हुनुहुन्छ।



**डा. विपिन अधिकारी**
विशेषज्ञ, संवैधानिक कानुन

# नयाँ संविधानमा सम्पत्तिको हकसम्बन्धी बहस

नेपालको संविधान सभामा विवादास्पदरूपमा लिइएका विभिन्न संवैधानिक विषयवस्तुमध्ये एउटा महत्वपूर्ण विषय भनेको सम्पत्तिसम्बन्धी हक पनि हो । यो विवादका विभिन्न पाटा छन् । सम्पत्ति भनेको के हो ? यसको क्षेत्र कति व्यापक बनाउने ? राज्यका कानुनसँगको यसको सम्बन्ध के हुने ? सम्पत्तिसम्बन्धी अधिकार र अन्य अधिकारबीच कस्तो सम्बन्ध हुन्छ ? अधिग्रहण वा अर्काको सम्पत्तिको स्वामित्वहरण गर्न मिल्छ वा मिल्दैन ? मिल्ने हो भने यसको प्रक्रिया कस्तो हुनुपर्छ ? सम्पत्तिसम्बन्धी हकका सीमा के के हुने ? यी 'सीमाको कानुनको उचित प्रक्रिया' सँग के सम्बन्ध छ ? क्षतिपूर्तिको नियम कस्तो भएमा न्यायसम्मत हुन्छ ? यी प्रश्नको मुख्यरूपमा जवाफमा सम्पत्तिसम्बन्धी अधिकारको प्रकृति निर्भर गर्छ ।

वर्तमान नेपालमा अहिले भइरहेको विवाद व्यक्तिको सम्पत्तिसम्बन्धी अधिकारलाई राज्यले सामाजिक हितमा कुन हदसम्म प्रभावित गर्न सक्छ भन्ने नै हो । खासगरी भूमिमा आश्रित अधिकांश नेपाली भूमिबिहीनका लागि भूमि सुधार गर्दा ठूला भूमिपतिसँग राज्यको सम्बन्ध पनि निर्धारित गर्नुपर्ने हुन्छ । यसअनुसार नै त्यस्ता जनताको हितमा भूमि सुधारलगायत सामाजिक, आर्थिक सुधार कार्यक्रम लागु गर्न सकिने हुन्छ ।

यसै पृष्ठभूमिमा पहिलो संविधान सभाको मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समितिको विषयतगत अवधारणापत्र तथा प्रारम्भिक मस्यौदा प्रतिवेदनको धारा १० मा सम्पत्तिसम्बन्धी हकलाई निम्नबमोजिम प्रस्ताव गरिएको छ ः

## प्रस्तावित प्रावधान : सम्पत्तिसम्बन्धी हक

प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने । बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ ।

प्रगतिशील करको मान्यताअनुरूप राज्यले व्यक्तिको सम्पत्तिमा आवश्यकताअनुसार कर लगाउन सक्नेछ ।

सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरू कुनै प्रकारको कुनै अधिकार सिर्जना गर्ने छैन ।

तर कुनै पनि व्यक्तिले गैरकानुनीरूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागु हुने छैन ।

वैज्ञानिक भूमि सुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्बासीलाई वितरण गर्न जमिन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ ।

भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्न राज्यले कानुन बनाई भूमिको नियम र व्यवस्थापन गर्न सक्नेछ ।

## फरक मत भएका विषय

उपरोक्त प्रस्तावित प्रावधान विषयगत समितिको बहुमतबाट पारित प्रावधान हो । ती प्रावधानमध्ये उपधारा (१), (३), (४) मा फरक मत आएका छन् तथा उपधारा (५) पछि नयाँ उपधारा (६) थप गर्नुपर्ने गरी फरक प्रस्ताव पनि पेश भएको छ । यी सबै फरक मत यसप्रकार छन् ः

धारा १० (१) को प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हकका सम्बन्धमा 'तर राज्यले व्यक्तिको आर्जन वा सम्पत्तिमा सीमा तोक्ने गरी कुनै कानुन बनाउने छैन', 'तर राज्यले वैज्ञानिक भूमि सुधारको प्रयोजनका लागि बाहेक नागरिकको सम्पत्तिमा सीमा तोक्ने गरी कुनै कानुन बनाउने छैन ।' ,'तर उत्पादनका मुख्य साधन तथा सेवाको राष्ट्रियकरण गरिनेछ र राज्यले व्यक्तिको सम्पत्तिमा सीमा तोक्नेछ' भन्ने प्रतिबन्धात्मक वाक्यांश थप्नुपर्ने गरी फरक मत आएका छन् ।

उपरोक्त ३ वटा फरक मतमध्ये पहिलो दुई फरक मतमा राज्यले सम्पत्तिको हकलाई तोकिएका विषयमा सीमाबद्ध गर्ला कि भन्ने

त्रास छ भने तेस्रो फरक मत घोषितरूपमै सम्पत्तिसम्बन्धी हकअन्तर्गत राष्ट्रियकरण गर्न सकिने व्यवस्थालाई अपवादका रूपमा राख्न खोजेको छ ।

धारा १० (३) को सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारको कुनै अधिकार सिर्जना गर्ने छैन भन्ने प्रावधानका सम्बन्धमा 'कुनै अधिकार सिर्जना गर्ने छैन' भन्ने शब्दहरूपछि 'त्यसरी अधिग्रहण, प्राप्त वा त्यस्तो सम्पत्तिउपर अरू कुनै अधिकार सिर्जना गरिएमा कानुनबमोजिम क्षतिपूर्ति प्रदान गरिनेछ' भन्ने वाक्यांश थप गर्नुपर्ने गरी फरक मत आएका छन् ।

यो फरक मत सिद्धान्ततः सम्पत्तिको हकको सम्मान गर्नुका साथै राज्यले सार्वजनिक उद्देश्यका लागि वैयक्तिक सम्पत्तिको अधिकारलाई अधिग्रहण वा अन्य प्रक्रियाबाट मात्र असर गर्नुपर्ने भएमा सोवापतको क्षतिपूर्ति दिनुपर्ने पक्षलाई जोड दिएको छ । यो फरक मत पनि सम्पत्तिको हकलाई सुरक्षा गर्नेतर्फ उन्मुख छ ।

धारा १० (४) को 'वैज्ञानिक भूमि सुधारको प्रयोजनका लागि भूमिहीन किसान तथा सुकुम्बासीलाई वितरण गर्न जमिन अधिग्रहण गर्दा वा उपधारा (३) बमोजिम सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा कानुनबमोजिम क्षतिपूर्ति दिइनेछ । क्षतिपूर्तिको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ' भन्ने प्रावधानको सट्टा 'क्रान्तिकारी भूमि सुधार लागु गरी जमिनको हदबन्दी गरिने र सीमाभन्दा माथिको जमिन सुकुम्बासी, भूमिहीन र गरिब किसानलाई वितरण गरिनेछ र जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वैज्ञानिक योजना बनाई लागु गरिनेछ । क्रान्तिकारी भूमि सुधार लागु गरी जमिनको हदबन्दी गरिने र सीमाभन्दा माथिको जमिन सुकुम्बासी, भूमिहीन र गरिब किसानलाई वितरण गरिनेछ र जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न वैज्ञानिक योजना बनाई लागु गरिनेछ' तथा 'जमिन जोत्नेको हुनेगरी क्रान्तिकारी भूमि सुधार गरिनेछ' भन्ने प्रावधान राख्नुपर्ने गरी फरक मत आएका छन् । यो फरक मतले निश्चितरूपमा क्रान्तिकारी भूमि सुधारलाई असर गर्ने गरी सम्पत्तिको अधिकार सुरक्षित नहोस् भन्ने धारणा राखेको छ ।

प्रस्तावित धारा १० को उपधारा ५ पछि १० (६) थप गरी त्यसमा 'वैज्ञानिक भूमि सुधार, भूमि व्यवस्थापन, भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्न कानुन बनाई नियमन र व्यवस्थापन गर्ने अधिकार सङ्घीय एकाइ (प्रदेश) लाई हुनेछ' भन्ने प्रावधान राख्नुपर्ने भन्ने फरक मत आएको छ । यो प्रस्तावमा उल्लिखित विषयहरू प्रादेशिक स्तरमै समाधान योग्य छन् भन्ने आशय देखिन्छ । यसमा केन्द्रीय सरकारको भूमिका हुन नहुने प्रष्ट धारणा देखिन्छ ।

**भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषिको आधुनिकीकरण र व्यवसायीकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्न राज्यले कानुन बनाई भूमिको नियम र व्यवस्थापन गर्न सक्नेछ ।**

## अन्तर्राष्ट्रिय परिप्रेक्ष्य

वास्तवमा सम्पत्तिसम्बन्धी हक महत्वपूर्ण हक हुनुका साथै यसको व्यवस्थापनको विषय पनि एउटा जटिल विषय हो । अन्तर्राष्ट्रियरूपमा संरक्षण गरिएका मानव अधिकारमध्ये पनि सम्पत्तिको हकलाई विवादास्पद हककै रूपमा लिइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणापत्र (१९४८) ले सम्पत्तिसम्बन्धी हकलाई अधिकारको सूचीमा उल्लेख गरेको छ । तर सो पछि आएका नागरिक तथा राजनीतिक अधिकारको अन्तर्राष्ट्रिय महासन्धिमा सम्पत्तिसम्बन्धी अधिकार समावेश गरिएको छैन ।

यसबाट सम्पत्तिसम्बन्धी हक मानव अधिकार तथा अन्तर्राष्ट्रिय अधिकारपत्रहरूमा स्वतःसिद्व अधिकार भने पक्कै होइन । तथापि सामान्य प्रकृतिका अन्य धेरै सन्धि तथा घोषणापत्रमा तथा सबै मुख्य क्षेत्रीय मानव अधिकारसम्बन्धी महासन्धिहरूमा सम्पत्तिको हकसम्बन्धी प्रावधानमा उल्लेख गरिएका छन् । त्यसैगरी प्रायः धेरैजसो प्रजातान्त्रिक संविधानमा संविधानले नै सम्पत्तिको हक सुनिश्चित गरेको पनि देखिन्छ । जातिभेदसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सर्ड) र महिला अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (सिड) मा पनि सम्पत्तिको अधिकारलाई समावेश गरिएको छ । सम्पत्तिसम्बन्धी हकले सरकारको स्वरूप तथा वैयक्तिक अधिकारहरूका सम्बन्धमा महत्वपूर्ण अर्थ राख्छ तथा स्वतन्त्र बजार तथा प्रतिस्पर्धाका लागि कुनै पनि अर्थ प्रणालीलाई यो अधिकार नभई नहुने अधिकार मानिन्छ । सम्पत्तिको अधिकारले निजी सम्पत्तिको स्वामित्व मात्र नभई सम्पत्ति आर्जन गर्ने अधिकारलाई सम्भव बनाउँछ तथा व्यक्ति वा समूहहरूलाई एक्लै वा सङ्गठितरूपमा यो अधिकार प्रयोग गर्न तथा अनावश्यक प्रतिबन्धबाट बच्नका लागि सुरक्षा प्रदान गर्छ ।

परम्परागतरूपमा सम्पत्तिको उपरोक्त पश्चिमी अवधारणाले सम्पत्तिसम्बन्धी हकको परिभाषालाई बलियोसँग प्रभावित गरेको छ। अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको व्याख्या गर्दा पनि यो परम्परालाई ध्यानमा राखेको हामी देख्न सक्छौं। सम्पत्तिसम्बन्धी हक हरेक व्यक्तिले न्यूनतमरूपमा सम्पत्ति पाउने सामान्य हकचाहिँ पक्कै होइन। यसबारेमा आर्जन गरिएका अधिकारहरूको सम्मान गर्छ। सम्पत्तिको हकका सीमालाई कुन हदसम्म स्वीकार गर्ने भन्ने विवाद सबैभन्दा गाह्रो विवाद हो। यसका साथै सम्पत्तिको अधिकार अन्य अधिकारसँग बाझिन सक्ने सम्भावना पनि हुन्छ। जस्तो सामाजिक तथा सांस्कृतिक अधिकार यसै समूहमा पर्छन्। यसैगरी यो अधिकार सङ्गठन गर्ने तथा अभिव्यक्तिको अधिकारसँग बाझिन सक्छन्। धेरै संविधानमा सम्पत्तिको हकको सामाजिक पक्षहरूलाई महत्व दिएको हुन्छ तथा सार्वजनिक हितका लागि सम्पत्तिको हकलाई सीमाबद्ध गर्ने गरिएको हुन्छ। अन्य देशमा भने वैयक्तिक सम्पत्तिको हकलाई धेरै अनावश्यक नियन्त्रण नगरी बलियो संरक्षण दिएको पनि पाइन्छ।

तर जुनसुकै अर्थमा पनि सम्पत्तिको अधिकार निरंकुश हुँदैन। यो अधिकारको उपभोग दिइएको केही सीमाहरूअन्तर्गत गरिनुपर्छ। त्यस्ता सीमा तथा प्रतिबन्ध विभिन्न कानुनी प्रणालीमा विभिन्नरूपमा राखेको देखिन्छ। आ-आफ्ना आवश्यकता, मुलभूत विवादका विषय र परिवेशलाई मूल्याङ्कन गरी प्रतिबन्धहरू उल्लेख गरिएका हुन्छन्। अर्को शब्दमा भन्दा सम्पत्तिको अवधारणा तथा स्वीकार गरिएका सीमाहरूको क्षेत्र विभिन्न राष्ट्रिय कानुनी प्रणालीहरूमा महत्वपूर्ण अर्थमा फरक-फरक छन्। यसले गर्दा समग्ररूपमा सम्पत्तिको हकको अन्तर्राष्ट्रिय मापदण्ड कायम गर्न गाह्रो छ।

वर्तमान मानव समुदायमा सम्पत्तिका सम्बन्धमा कुरा गर्दा सामाजिक उत्तरदायित्वलाई पनि साथसाथै लिइन्छ। विवेकहीन प्रकारको सम्पत्तिको प्रयोग वा उपयोग वर्जित मानिन्छ। कतिपयले सम्पत्तिको अधिकारलाई प्रगतिको बाटोमा ठडिएको तगारो भन्ने जस्ता आलोचना पनि गर्छन्। संसारमा कामदारहरूउपर स्वामित्व कायम गर्ने, अर्काको शोषण गर्ने, रङ्गभेद नीतिका आधारमा फाइदा लिने तथा अन्धाधुन्धरूपमा मुनाफा आर्जन गर्न लागेका बहुराष्ट्रिय कम्पनीहरूले उन्नतिको प्रक्रियालाई असर गरेको देखिन्छ। मुलुकमा भएको भोक, रोग, गरिबी तथा अशिक्षा जस्ता मानवीय समस्यासँग जुध्नका लागि सम्पत्तिको अधिकारले रोकावट पैदा गर्न सक्छ। सम्पत्तिको असमान वितरण हेर्दा के देखिन्छ भने लिङ्ग तथा जातिकै आधारमा पनि मानिसको शोषण भएको छ। धेरै आदिवासी जनता, अल्पसङ्ख्यक भएर बाँच्नुपरेका समूह, ग्रामीण मजदूर तथा साना किसानलाई सम्पत्तिको अधिकारले प्रशस्तरूपमा प्रभावित गरेको हुन सक्छ। त्यस्तै एउटा सत्य के हो भने विश्वका सम्पत्तिमध्ये सबैभन्दा बढी सम्पत्तिको केन्द्रीकरण केही मुठ्ठीभर व्यक्तिको हातमा भएको छ। जनसङ्ख्या बढिरहँदा तथा स्रोत र साधनको अभाव निरन्तररूपमा कायम रहँदा यो सत्य अझ टड्कारोरूपमा देखिन्छ। यसरी हेर्दा सम्पत्तिको अधिकार संरक्षणको साथसाथै हाम्रो समाजको व्यापक समस्याहरूसँग जुध्नका लागि यस अधिकारमा चाहिने लचिलोपना पनि त्यत्तिकै महत्वपूर्ण हुन्छ।

वर्तमान परिप्रेक्ष्यमा मानव समुदायका प्राथमिकता बदलिएका छन्। धेरै देशमा परम्परागतरूपमा भूमिमा आश्रित विपन्न जनताको सङ्ख्यामा कमी आउन सकेको छैन। यस्तो अवस्थामा भूमि सुधार आवश्यक भएकामा विवाद हुनुहुँदैन। त्यस्तै कतिपय मुलुकमा सांस्कृतिक सम्पदाहरू सङ्ग्रहालयमा फर्काइँदैछन्। प्राकृतिक साधनहरूमा जनताको स्थायी सार्वभौमसत्ताको कुरा गरिँदैछ तथा नयाँ आर्थिक प्रणाली बनाउनुपर्ने कुरा पनि प्राथमिकता क्षेत्रमा पर्छन्। यी दृष्टिकोण सम्पत्तिका सम्बन्धमा सामुदायिक वा सामूहिक स्वामित्व रुचाउने मुलुकहरूको दृष्टिकोण नजिक मानिन्छ। उनीहरूले आफ्नो परम्परा, प्रथा तथा राजनीतिक र आर्थिक प्रणालीहरूका सन्दर्भमा त्यस्ता विषयलाई महत्व दिएको देखिन्छ। यसैको परिणामस्वरूप केही व्यक्ति वा वैदेशिक राष्ट्रको स्वामित्वमा रहेको सम्पत्तिलाई त्यस्ता मुलुकका विभिन्न सरकारले स्वामित्वहरण वा अधिग्रहण गरेका कारण त्यसमा विवाद हुँदै आएको छ। खासगरी प्राकृतिकरूपमा जमिनमुनि वा सतहमा रहेको सम्पदाको स्वामित्वहरण वा अधिग्रहण गर्दा सम्पत्तिको अधिकारमा आघात पुगेको भन्दै यस्ते विवाद आएका छन्। त्यो विवादको जरो 'सबै उपर्युक्त परिस्थिति' विचार गर्ने भन्दै निर्धारण गरेका क्षतिपूर्तिको व्यवस्था हो।

अर्कोतर्फ संसारका अधिकांश मुलुक गरिब छन्। उनीहरूलाई प्रगति चाहिएको छ। त्यसैले विकासोन्मुख मुलुकहरूमा दुईपक्षीय वा अन्तर्राष्ट्रिय वित्तीय सहयोगको महत्व सानो हुँदैन। उनीहरूको पुँजीको आवश्यकता तथा त्यसलाई परिचालन गर्ने विशेषज्ञता पनि सोच्नुपर्ने हुन्छ। उनीहरूको पुँजीले नीति लगानीकर्तालाई आकर्षित गर्न तथा त्यस्ता मुलुकमा उनीहरूको विश्वास अभिवृद्धि गर्नका लागि सम्पत्तिको सुरक्षा सुनिश्चित गर्नुपर्ने हुन्छ। त्यसका लागि लगानीकर्ताले जहिले पनि त्यस्तो विकासोन्मुख मुलुकबाट उत्पादनका साधनउपरको सम्पत्तिको अधिकार एवम् सुरक्षाको प्रत्याभूति खोज्छन्। यसको अभावमा लगानी भित्रँदैन। यो कुरा सबैलाई प्रष्ट हुनु जरुरी छ कि विश्व ब्याङ्कसँग सम्बन्धित अन्तर्राष्ट्रिय वित्त संस्थान (आइएफसी) तथा व्यक्तिगत पहलकदमीलाई सम्बर्द्धन तथा प्रबर्द्धन गर्दै आर्थिक विकासलाई सहयोग गर्छन्।

त्यसैले उपरोक्त मान्यताबाट भागी हिँड्न पनि सम्भव छैन।

सम्पत्तिको अधिकारको कुरा गर्दा केही अन्य रोचक प्रसङ्ग पनि जोड्न सकिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र (युडिएचआर) मा सम्पत्तिको हक सम्बन्धमा 'हरेक व्यक्तिगत सम्पत्तिबाट मनोमानी ढङ्गले वञ्चित गरिने छैन' भन्ने प्रावधान राखिएको छ। यी प्रावधान धेरै छलफलपछि मात्र पारित हुन सकेका हुन्। छलफलमा संलग्न संयुक्त अधिराज्य बेलायत यो प्रावधान राखिनुहुँदैन भन्ने मान्यता राख्थ्यो। त्यसैले युडिएचआरको मस्यौदा प्रस्तावमा बेलायतले यस प्रावधान समावेश गरेन। चीन पनि यसबारे आलोचनात्मक दृष्टिकोण राख्थ्यो। सोभियत सङ्घले यो प्रावधान समावेश गर्ने कुरालाई विरोध भने गरेन तर यसको सोचाइमा सम्पत्तिको हकलाई अलि कमजोर हकका रूपमा राख्नु उचित हुन्छ भन्ने थियो। स्वीडेन तथा फ्रान्सले पनि केही हदसम्म त्यस्तै विचार राखेका थिए। वास्तवमा सम्पत्तिको अधिकारसम्बन्धी धारा १७ को भाषा बृहत् तथा व्यापक क्षेत्र समेट्ने प्रकारको छ। यो निजी सम्पत्ति तथा स्वामित्वको सामूहिक पद्धतिको सम्बन्धमा समेत लागु हुन्छ। वास्तवमा छलफलका क्रममा यो प्रावधानलाई सीमाङ्कन गर्ने कि ? भन्ने सम्बन्धमा त चर्चै भएन। त्यस्तो प्रस्ताव कतैबाट आएको पनि देखिएन।


धारा १७ को उपर्युक्त प्रावधानमा राज्यको कानुनबमोजिम सम्पत्तिको उपभोग गर्नुपर्छ वा स्वामित्व कायम गर्नुपर्छ भनी उल्लेख गरिएन। निजी सम्पत्ति भनेर परिभाषित पनि गरिएन। न त सम्पत्तिको हकलाई 'असल जिन्दगी' सँग नै जोडियो तर यो अधिकार 'नियन्त्रणबिहीन' होइन भन्नेचाहिँ त्यसबेला पनि मानिएको थियो। केही निश्चित अवस्थामा सम्पत्तिबाट कसैलाई विमुख गर्न सकिन्छ भन्ने मान्यतालाई संरक्षण दिएको स्पष्ट देखिन्छ। 'स्वेच्छाचारी' रूपमा सम्पत्तिबाट कसैलाई विमुख गर्न सकिने छैन भन्ने वाक्यांशले त्यसलाई आत्मसात गरेको छ। क्षतिपूर्तिबिना सम्पत्तिबाट विमुख गरिनु भनेको 'स्वेच्छाचारिता' हो तर मस्यौदा दस्तावेजहरूमा यसबारे व्याख्या गरिएको छैन।

सम्पत्तिको हकको कुरा गर्दा उपर्युक्त विवेचना नेपालको सन्दर्भमा पनि कम महत्वपूर्ण हुँदैन तर यसका अतिरिक्त सन् १९८९ को आइएलओ महासन्धि १६९ वा त्यसभन्दा पुरानो १९७५ को महासन्धिको प्रसङ्ग पनि जोड्नुपर्ने हुन्छ। यो महासंन्धि आदिबासी तथा जनजातिहरूको जग्गा जमिन तथा प्राकृतिक

**संसारका अधिकांश मुलुक गरिब छन्। उनीहरूलाई प्रगति चाहिएको छ। त्यसैले विकासोन्मुख मुलुकहरूमा दुईपक्षीय वा अन्तर्राष्ट्रिय वित्तीय सहयोगको महत्व सानो हुँदैन।**

सम्पदा उपरको निजी तथा सामूहिक स्वामित्वको अधिकारसँग सम्बन्धित छ। यसमा उल्लेख गरिएका अधिकारहरू स्पष्टरूपमा सम्पत्तिसम्बन्धी अधिकार हुन्। त्यहाँ स्वामित्व, (पोसेसन्) जस्ता शब्दहरू प्रयोग गरिएको छ। अधिकारलाई बहुबाचक दृष्टिमा प्रयोग गरिएको कुरामा शङ्का छैन। उक्त महासन्धिको अर्थमा सम्पत्तिको अधिकार पूर्ण पनि हुन सक्छ। आंशिक पनि हुन सक्छ। सम्पत्ति राख्ने, प्रयोग गर्ने, व्यवस्थापन गर्ने, लाभ प्राप्त गर्ने तथा सुरक्षा गर्ने अधिकार विशेषरूपमा आदिबासी जनजाति जनताको जग्गा जमिनसँग सम्बन्धित अधिकार हुन्। जब उनीहरूको त्यस्तो जग्गा जमिनउपरको अधिकारमा अतिक्रमण हुन्छ वा त्यसलाई राज्यले स्वेच्छाचारीरूपमा विमुख गर्छ वा अन्य किसिमको भेदभावबाट प्रभावित गर्छ भने त्यस्तो अवस्थामा सम्बन्धित राज्यले यो महासन्धिको उल्लङ्घन गरेको मानिन्छ। त्यसलाई सच्याउनुपर्ने दायित्व पनि हुन्छ। खाइपाई आएको सुविधा कटौती गर्दा त्यसलाई क्षतिपूर्ति पनि गर्नुपर्ने हुन्छ। त्यस्तो कारबाईहीअन्तर्गत विशेष प्रकारका वा सकारात्मक कार्यक्रमहरू ल्याएर भेदभावपूर्ण कारबाईहरूलाई आवश्यकताअनुसार सच्याउनुपर्ने हुन्छ।

सम्पत्तिको अधिकारको कुरा गर्दा आइएलओ महासन्धि १६९ को अर्को पक्ष पनि छ। यसमा उल्लिखित विभिन्न प्रावधानले आदिबासी सङ्घसंस्थालाई धेरै महत्व दिएको छ। यसबाट जमिन तथा प्राकृतिक सम्पदासँग सम्बन्धित आदिबासी सङ्घसंस्था स्थापना, नियन्त्रण प्रणाली तथा व्यवस्थापनसम्बन्धी कार्यहरू तथा समूहगत पहिचानलाई कायम राख्ने अन्य विषयले पनि मान्यता पाएका छन्। निर्णय लिने प्रक्रियाका सम्बन्धमा यो महासन्धिको धारा ७ को अनुच्छेद १ धेरै महत्वपूर्ण छ। यसले सम्बन्धित आदिबासी जनतालाई आफू, आफ्नो जिन्दगी, विश्वास, सङ्घसंस्थाहरू तथा आध्यात्मिक भलाई र आफूले प्रयोग गरेको जमिन प्रयोग गर्ने, आवश्यकताअनुसार नियन्त्रण गर्ने तथा आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक विकास गर्ने सम्बन्धमा आफ्नै प्राथमिकताबारे निर्णय गर्ने अधिकार प्राप्त छ। आइएलओका अन्य महासन्धिमा पनि यही दृष्टिकोण अपनाएको देखिन्छ। यी व्यवस्थाले देखाउँछन् कि आदिबासी जनताको परम्परागत संस्था हुन्छन्। त्यसमा जग्गा जमिनसम्बन्धी मुद्दा सम्बन्धमा उनीहरूले स्वनियन्त्रण खोज्नुपर्छ। प्राकृतिक सम्पदा सम्बन्धमा पनि उनीहरूको



सहभागिता, परामर्श तथा लाभको वितरणको अधिकार छ। वास्तवमा आइएलओ १६९ लाई कार्यान्वयन गर्न राज्यहरूले उनीहरूका आदिबासी सङ्घसंस्थाहरूलाई स्वीकार गर्नुपर्छ वा त्यस्ता संस्था सिर्जना गर्न अनुमति प्रदान गर्नुपर्छ जसले सन्धिअन्तर्गतका अधिकार प्रतिनिधिमूलक तरिकाले सञ्चालन गर्न सकोस्। त्यस्ता विषय कानुन बनाइ तथा आवश्यक पूर्वाधार तयार गरी मात्र व्यवस्था गर्न सकिने हुन्छ।

यो छलफलबाट केही निष्कर्ष निकाल्न सकिन्छ। लोकतन्त्र, व्यक्तिगत महत्वाकाङ्क्षा तथा विकासको प्रक्रियामा निजी पहलको भूमिका अस्वीकार गर्न सकिँदैन। सम्पत्तिको अधिकार उल्लङ्घन गरेर वा अन्य मानव अधिकारलाई क्षति पुऱ्याएर अप्रजातान्त्रिक सरकारहरूले आफूलाई सत्तामा टिकाउने प्रयास गर्दै आएको पनि देखिन्छ। अर्कोतर्फ आर्जन गर्न सकिने अधिकारको कडा संरक्षणले अरू मानव अधिकारलाई क्षति पुऱ्याउन सक्छ। सामाजिक सुरक्षासँग सम्बन्धित वा वितरण व्यवस्थापनसँग सम्बन्धित विषयमा संरक्षण प्रदान गर्न गरिएका कतिपय कदम सम्पत्तिसम्बन्धी अधिकारलाई प्रभावित गर्छन्। निजी सम्पत्तिको अधिकारले जमिनदार तथा भूमिपतिहरूको अधिकार संरक्षण गर्दा आमजनताको बसोबाससम्बन्धी अधिकारहरूको रक्षाका लागि राज्यले सम्पत्तिको अधिकारलाई नियमित गर्न सक्नुपर्ने हुनसक्छ। त्यसैले सम्पत्तिको अधिकार सम्बन्धमा विवाद हुनु स्वाभाविक हो। मुलुकको कुल जनसङ्ख्याको अधिकांश मान्छे सम्पत्तिबिहीन भएको अवस्थामा केही मानिसको मात्र सम्पत्तिको अधिकार रक्षाको कुरा गर्दा केवल विद्यमान सम्पत्ति अधिकारको मात्र रक्षा हुन्छ। केही न केही सम्पत्ति कुनै न कुनै रूपमा अधिकांश देशबासीका नाममा हुनुले सम्पत्ति अधिकारको महत्वलाई बढाइदिन्छ र यसबाट सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकार प्राप्तिका सम्भावना बढेर जान्छन्। सामाजिक न्यायलाई यही परिप्रेक्ष्यमा हेर्नुपर्छ।

सम्पत्तिसम्बन्धी हकको कुरा गर्दा संवैधानिक लोकतन्त्रलाई अलग्याउन मिल्दैन। मुलुकमा लोकतान्त्रिक संविधान हुनुपर्छ। यसका राजनीतिक निकायहरू निर्वाचित तथा समर्थित हुनुपर्छ। मुलुकमा शासनमा संलग्न नरहेको राजनीतिक दलहरूको प्रतिपक्षको भूमिका गर्ने अधिकारलाई कुण्ठित गरिनुहुँदैन। हरेकका लागि अन्तर्राष्ट्रिय मापदण्डका मौलिक अधिकार उपलब्ध हुनुपर्छ। यसका साथै संविधानले नै स्वतन्त्र न्यायपालिका तथा कानुनको शासनको प्रत्याभूति दिनुपर्छ। यी प्रजातान्त्रिक मान्यता कायम गरिएको अवस्थामा सम्पत्तिसम्बन्धी हकको सुरक्षाका साथसाथै सार्वजनिक उद्देश्यका लागि उचित निर्णय हुन सक्ने अवस्थाको विद्यमानता स्वःकायम हुन्छ। त्यस अवस्थामा सम्पत्तिसम्बन्धी हकका सम्बन्धमा निम्न प्रावधान आधुनिक विधिशास्त्रअन्तर्गत एकदमै पर्याप्त हुन सक्छ :

## सम्पत्तिको हक

प्रत्येक नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

सार्वजनिक हितका लागिबाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर कुनै पनि प्रकारले कुनै अधिकार सिर्जना गर्ने छैन तर अवैध ढङ्गले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागु हुने छैन।

वैज्ञानिक भूमि सुधार कार्यक्रम लागु गर्दा वा सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकार सिर्जना गर्दा कानुनबमोजिम क्षतिपूर्ति र सोको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुनेछ।

निश्चितरूपमा यो प्रावधान अन्तरिम संविधानको धारा १९ नै हो। यसले उपरोक्त सबै विषय तथा चिन्ता सम्बोधन गर्न सक्ने देखिन्छ। यसले व्यक्तिको सुरक्षा प्रदान गर्नुका साथै सम्पत्ति व्यवस्थापनमा राज्यलाई सहयोग गर्न सक्छ।

(साभार : विचार विशेष वर्ष २, पूर्णाङ्क ३, २०६८ वैशाख, पब्लिक पोलिसी पाठशाला)



# संविधानमा भूमि अधिकार

## राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालको प्रस्ताव

१. भूमिको मूल स्वामित्व राज्यमा रहनेछ। नागरिकलाई निश्चित सर्तमा उपयोगको अधिकार हुनेछ।

२. भूमिमा न्यायोचित हदबन्दी लगाई त्यसमाथिको जग्गा राज्यले लिई सुकुम्बासी, भूमिहीन तथा साना किसानलाई वितरण गर्ने। यसका लागि कानुन बनाई नयाँ हदबन्दी तोक्दा सो माथिको जग्गामा क्षतिपूर्ति नदिने। खेती नगर्नेले हदबन्दीभित्रको जग्गा छोड्न चाहेमा क्षतिपूर्ति दिने तर सोको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारण गरिएबमोजिम हुने।

३. राज्यले देशका सबै नागरिकका लागि समताका आधारमा जमिन पाउने कानुन र नियम बनाइ लागु गर्नेछ।

४. कुनै व्यक्ति वा समुदाय विगतमा भएका विभेदकारी कानुनका कारणले जमिनको असुरक्षा भएको र जमिनको अधिकार नपाएको रहेछन् भने संसदबाट कानुन बनाइ सबै समुदायको जमिनमाथिको हक सुरक्षित गरिनेछ। मोहीले वा कसैले लामो समयदेखि जमिन जोतिआएको छ र निकालेमा अदालतमा मुद्दा दायर गरी जमिन पाउने व्यवस्था गरिनेछ।

## संविधानको अन्य खण्डमा गरिनुपर्ने व्यवस्था

**शोषणविरुद्धको हक** : कसैलाई पनि हली, हलिया, हरूवाचरुवा, कमलरी वा नोकर वा बँधुवा मजदुर बनाउन पाइने छैन। आफैँले किसान भएर काम गर्नेबाहेक अरूलाई ठेक्का वा अधिया वा हुन्डामा दिएर श्रम शोषण गरिने छैन।

**राज्यको दायित्व** : मोही, सुकुम्बासी, हलिया, हरूवाचरुवा, कमैया, कमलरी, कृषि मजदूरलगायतका आर्थिक सामाजिकरूपले पछाडि पारिएको वर्गलाई जग्गालगायत आर्थिक, सामाजिक सुरक्षासहितको पुनर्स्थापना गर्ने नीति लिइनेछ।

**निर्देशक सिद्वान्त** : देशमा उपलब्ध प्राकृतिक स्रोत साधनलाई सीमित व्यक्ति वा वर्गमा केन्द्रित हुन नदिई त्यसको उपयोग र लाभलाई सामाजिक न्यायका आधारमा वितरण गरी सामन्ती, आर्थिक तथा उत्पादन सम्बन्ध अन्त्य गर्दै एकीकृत भूमि सुधारका माध्यमबाट गरिब मानिसको जीवनस्तरमा आमूल परिवर्तन गर्नु राज्यको उद्देश्य हुनेछ।

## नीतिहरू

- किसानले कमाइरहेको गुठी जग्गा निश्चित मापदण्ड अपनाई किसानकै नाममा दर्ता गरिनेछ।
- सामन्ती भू-स्वामित्व अन्त्य गर्दै एकीकृत भूमि सुधार जोताहा तथा भूमिहीन किसानका पक्षमा लागु गर्ने नीति छिटै कार्यान्वयन गर्ने। घरबास तथा कृषि जमिनको स्वामित्व र नियन्त्रण महिला-पुरुष दुवैलाई समान हक दिने।
- राज्यले कानुनीरूपमा भूमिहीन, जोताहा मोही, नियमित कृषि मजदूरले जोतिरहेको जमिन व्यक्तिगत वा सामूहिकरूपमा राख्न पाउने व्यवस्था गर्नेछ। यसका लागि संसदले प्रभावकारी हदबन्दी, कृषि सहयोग, ग्रामीण विकासलाई ध्यानमा राखेर नीतिहरू अनुमोदन गर्नेछ।
- राज्यले विस्तृत ग्रामीण विकास र एकीकृत भूमि सुधारलाई सँगै लैजान प्रोत्साहन गर्नेछ।
- कुनै पनि बहुराष्ट्रिय कम्पनी वा विदेशी कम्पनीहरूको निजी स्वामित्वमा जमिन राख्न दिइने छैन।

**सङ्घीय संरचना** : पुनर्संरचित राज्य संरचनाका विभिन्न प्रतिनिधिमूलक र निर्णायक तहमा समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्वको व्यवस्था मिलाइनेछ। राज्यका हरेक संरचनामा किसानको जनसङ्ख्याका आधारमा प्रतिनिधित्व गरिनेछ।

**भूमि तथा कृषि विकास आयोग** : नेपालमा एक भूमि तथा कृषि विकास आयोग स्थापना हुनेछ। यसको सात सदस्यीय केन्द्रीय र प्रत्येक जिल्लामा जिल्ला भूमि तथा कृषि विकास आयोग गठन हुनेछ। यसको अवधि ४ वर्षको हुनेछ। आयोगमा स्वतन्त्र र भूमि तथा कृषि विज्ञ, किसान यसका अध्यक्ष वा सदस्य हुन सक्नेछन्।


### संविधानमा भूमि अधिकारका लागि भएको अभियान र सङ्घर्ष

| मिति | क्रियाकलाप | स्थान/जिल्ला |
|---|---|---|
| १५-३० वैशाख, २०६५ | नयाँ संविधानमा भूमि सुधारको मुद्दा नछुटाउन सम्झाउँदै जिल्ला जिल्लामा सभासद्हरूसँग भेटघाट गरी भूमि सुधारपत्र पेश। | ४५ जिल्ला (जिल्लागत) |
| असोज २०६५ | संविधानमा भूमि अधिकार मुद्दा समेट्नका लागि प्रमुख दलहरूसँग भेटघाट तथा ज्ञापनपत्र पेश | काठमाडौं |
| १-७ चैत, २०६६ | दलका कार्यालयमा धर्ना | ३० जिल्ला र काठमाडौं |
| २०-२५ वैशाख, २०६७ | संविधानमा भूमि सुधारका लागि राष्ट्रिय आन्दोलन, दलको कार्यालयमा धर्ना | काठमाडौं |
| २६, वैशाख २०६७ | संविधान सभाको कार्यालय बानेश्वरअघि धर्ना तथा सभा कार्यक्रम | काठमाडौं |
| १९ माघ, २०६८ | संविधानमा भूमि सुधारका लागि ४३७ वटा हस्तलिखित पत्र लेखी सभासद्लाई पेश | काठमाडौं |
| १९ वैशाख, २०६९ | प्रधान मन्त्रीलाई ज्ञापनपत्र पेश कार्यक्रम | काठमाडौं |
| १ चैत २०६९ देखि ५ वैशाख २०७० | संविधानमा भूमि सुधारका लागि दबाब सिर्जना गर्नका लागि कञ्चनपुर, बर्दिया, दाङ, पर्वत, रौतहट, सुनसरी, खोटाङ, सिन्धुपाल्चोक, रूपन्देही र लाहानमा भूमि अधिकार सभा | विभिन्न जिल्ला |
| फागुन, २०७० | संविधानमा भूमि सुधारबारे संविधानमा प्रतिनिधित्व गर्ने दलका प्रमुख नेताहरूसँग भेटघाट र भूमि सुधारपत्र पेश | काठमाडौं |
| जेठ २०७१ | सभासद्हरूलाई संविधानमा भूमि सुधारका लागि अवधारणापत्र पेश | काठमाडौं |
| भदौ २०७१ | संविधानमा भूमि सुधारका लागि दलका नेता र सभामुखसँग भेटघाट, भूमि मुद्दाको मस्यौदा पेश, कानुनविद्हरूसँग परामर्श | काठमाडौं |
| भदौ २०७१ | संविधान सभाको राजनीतिक सम्वाद समिति तथा राज्य व्यवस्था समिति, मस्यौदा समिति सभापतिसँग छलफल तथा भूमि सुधार मस्यौदा पेश, | काठमाडौं |
| भदौ २०७१ | संविधान सभाको कृषि तथा जलस्रोत समितिका सभापतिसँग छलफल तथा भूमि मस्यौदा पेश | काठमाडौं |
| वैशाख-भदौ २०७१ | ६०१ सभासद्लाई जिल्ला जिल्लाबाट हस्तलिखीत भूमि सुधारपत्र लेखन अभियान। यसबाट २ हजार ९ सय ४२ पत्र तयार भई सभासद्हरूलाई बुझाइएको। | ४७ जिल्ला |






# संविधानले भूमि सुधारको आधार दिनुपर्छ



## केपी ओली
**अध्यक्ष, नेकपा एमाले**

**एमाले भूमि सुधारबाट विमुख भयो। आफैँले बनाएको आयोगको प्रतिवेदनसमेत कार्यान्वयन गरेन भन्ने आरोप छ नि ?**

हामी भूमि सुधारको मुद्दा उठाइरहेका छौँ। २०५१ र २०६५ मा २ वटा उच्चस्तरीय भूमि सुधार आयोग र सुकुम्बासी समस्या समाधान आयोगहरू पनि हाम्रै सरकार हुँदा बनेका छन्। आयोगहरूले पेश गरेका प्रतिवेदन उपर्युक्त वातावरणको अभावमा कार्यान्वयन हुन सकेनन्। त्यसको कमजोरी हामीले स्वीकार्नुपर्छ र जिम्मेवारी लिनुपर्छ।

अझै ७० प्रतिशत जनता कृषि क्षेत्रमा आश्रित छन्। यो क्षेत्र जीविकामुखी मात्रै बन्दै आएको छ। पछौटे कृषि क्षेत्रमा ठूलो जनसङ्ख्या अल्झाउन उचित हुँदैन। हुने खाने वर्ग र हुँदा खाने वर्गबीच अन्तर छ। सामन्ती वर्गहरूको शक्तिमा चलखेल हुँदा गरिबहरू माथि उठ्न सकेका छैनन्। पुरानो खालको भूमि सुधार काम छैन। भूमिको वैज्ञानिक व्यवस्थापन आवश्यक छ। भूमिहीन, सुकुम्बासी र साना किसानको पनि भूमि क्षेत्रमा समानान्तर पहुँच हुनुपर्छ नत्र त्यो भूमि सुधार हुन सक्दैन।

यी विषयमा पार्टीबीच सहमति हुन नसक्दा भूमि सुधार कार्यान्वन हुन नसकेको हो। देशको परिवर्तन र गरिब जनताको मुक्तिका लागि कुनै पनि अवस्थामा विमुख भएका छैनौँ र हुने छैनौँ। गरिब जनतालाई बिर्सन्छौँ भने हामीले गर्ने के त ? कसका लागि बोल्ने त ? यसकारण उपर्युक्त वातावरणको पर्खाइमा छौँ।

**संविधान सभामा भूमि सुधारको कस्तो बहस छ ?**

संविधान सिङ्गो देशको इतिहासको सम्मान, वर्तमान समस्याको समाधान र भविष्यको निम्ती विकासको बाटो खोल्ने एक माध्यम हो। यसरकाण संविधान सभामा भूमि सुधारबारे पर्याप्त बहस गरी देशमा भूमि सुधार गर्न प्रतिबद्ध छौँ। यस विषयमा पहिले पनि पटकपटक छलफल भइसकेको छ।

**भूमिका के/कस्ता विषयमा विवाद छन् ?**

भूमि सुधारको चुरो 'भूमिको वितरण' हो। केही जमिनदारलाई भूमि सुधार भयो भने जमिन कब्जा गरिदिन्छन्, र हाम्रो टाँट उल्टाइदिन्छन् भन्ने चिन्ता छ। त्यस्तै दलहरूमा हदबन्दी तोक्ने र बढी भएको जमिनको क्षतिपूर्ति दिने र हदबन्दीबाट प्राप्त जग्गा गरिब, भूमिहीन सुकुम्बासी र साना किसानलाई वितरण गरिनुपर्छ भन्ने छ। कोही क्षतिपूर्ति दिनुहुन्न भन्ने छन्। केही वर्ग भूमि सुधार आवश्यक नै छैन भन्नेमा छन्। केही विवाद छन् तर यी विवादलाई संविधान सभाले निकास दिनेछ।

**तपाईँको पार्टीको भनाइचाहिँ के हो ?**

भूमि सुधार गर्नुपर्छ भन्नेमा हामी पहिलेदेखि नै दृढ छौँ। हामी परिवर्तनकामी हौँ र परिवर्तन चाहन्छौँ। भूमिको सुधारबिना समग्र कृषि क्षेत्रको विकास सम्भव छैन।

हाम्रो प्रस्ताव भूमि सुधार गर्दा भूमिहीन र सुकुम्बासीलाई जमिन वितरण गर्नुपर्छ भन्नेमा छ। र, राज्यले हदबन्दीभन्दा बढीको जमिन कब्जा गर्नुपर्छ। कोहीले जमिन भएर पनि खेती गरेका छैनन् भने बसोबासबाहेकको जमिन राज्यले लिनुपर्छ। र उनीहरूलाई उचित क्षतिपूर्ति पनि दिनुपर्छ। क्षतिपूर्तिको रकमले मन लागेको अरू नै व्यवसाय गर्न पाओस्। जमिन खोस्ने र वितरण गर्ने अर्थमा बुझ्ने हो भने त्यो खालको भूमि सुधार सम्भव छैन।

**भूमिहीन र मोहीलाई कसरी न्याय दिने ?**

खेलमा होस् या समाजमा, विभिन्न कारणले सोझा-सिधाहरू पछाडि छन्। झण्डै २५ प्रतिशत जनता बसोबासबिहीन छन्, उनीहरूका लागि राज्यले सुरक्षित बसोबासको प्रबन्ध मिलाइदिनुपर्छ। सहरी क्षेत्र र ग्रामीण क्षेत्रमा बसोबास गर्नेहरूको अवस्था छुट्याई व्यवस्थापन गर्न कार्ययोजना बनाइनु जरुरी छ।

किसानलाई माटोको परीक्षण, सिँचाइ, मलखाद, बीउविजनको उन्नत प्रबन्ध र प्राविधिक तालिम दिनुपर्छ। भूमिको वितरण भन्दै १० धुर जमिन दिएर भूमि सुधार हुँदैन। यतिले खेती कहाँ गर्छन् ? रोजगारी भनेर दिनको २ सय रूपियाँ दिएर हुँदैन। यस्ता कुराले सुकुम्बासी समस्या समाधान हुँदैन। उचित रोजगारीको व्यवस्था गरिदिनुपर्छ। गरिबहरूका लागि आवास कार्यक्रम सञ्चालन गर्नुपर्छ। एउटा परिवारलाई बसोबासका लागि पुग्ने आवास बनाइदिने र क्षमता र सिपअनुसारको रोजगारी दिने। रोजगारीले सजिलै जीविका चलोस् र बालबच्चाका लागि शिक्षा-दीक्षा र आवासको कर तिर्न पनि पुगोस्।

मोहियानी हक ठूलो समस्या होइन। कसैलाई एक वर्ष जमिन कमाउन दिएकै भरमा पनि जमिनको हिस्सा खोजेर बखेडा झिकेका छन्। कसैले पुस्तौंदेखि पाएका छैनन्। साँच्चै समस्यामा परेकालाई उचित छानवीन गरी सहयोग गर्नु राज्यको कर्तव्य हुन्छ। यसका लागि राज्यले आवश्यक प्रभावकारी कानुन बनाई कार्यान्वयन गर्नुपर्छ।

**तपाईँले भनेकै जस्तो भूमि सुधार गर्न पनि संविधानले आधार दिनुपर्ला ? यसका लागि यहाँको पार्टीको भूमिका कस्तो रहन्छ ?**

हाम्रो जोड जहाँ विकास छ, त्यहाँ जनता पुऱ्याउने होइन, जहाँ जनता छन्, त्यहाँ विकास पुऱ्याउने हो। भूमि सुधारले देशका समग्र पक्षहरूमा ध्यान दिनुपर्ने हुन्छ। संविधानले समग्रतामा भूमि सुधारको विरोध गर्दैन। संविधानमा अग्रगामी परिवर्तनका लागि ठाउँ राखिन्छ।

हामीसँग भूमिहीन कति छन् ? आवासबिहीन कति छन् ? मोही कति छन् ? समस्यामा परेका कति छन् ? धेरै जमिन ओगटेर बसेका कति छन् ? तिनीहरूको वास्तविक तथ्याङ्क र विवरण राज्यले लिनुपऱ्यो। अबको संविधानले यी क्षेत्रको बाटो खुलाउने, नेपालमा भूमिहीन र भूमिको समस्या नदोहोरिने खालको बनाउन पहल गरिनेछ। सबै नेपालीले अभाव, गरिबी र समस्या होइन, अवसर र सम्मानित महसुस गर्न पाउने वातावरण तयार गर्नका लागि हाम्रो भूमिका महत्वपूर्ण रहनेछ।

# केही नहुनेसँग पनि ५ कट्ठा जमिन हुनुपर्छ



## रामचन्द्र पौडेल
**कार्यबाहक सभापति, नेपाली कङ्ग्रेस**

**संविधान सभामा भूमिको मुद्दामा कस्तो बहस छ ?**

अहिले संविधान सभामा भूमिको मुद्दामा बहस भएको छैन। भर्खरै प्रस्ताव आएको छ। सायद अब बहस हुनेछ। भूमि सुधारको विषयमा अघिल्लो संविधान सभामा पर्याप्त छलफल भएको थियो।

**नमिलेका विषय के/के हुन् ?**

राज्यले भूमि सुधार गर्न भूमिको हदबन्दी तोक्दा हदबन्दीभन्दा बढीको जग्गाको क्षतिपूर्ति कसरी र कति दिने ? भन्नेमा छ। केही दल क्षतिपूर्ति दिनुहुन्न भन्नेमा देखिएकाले यी विषय राजनीतिकरूपमा विवादमा छन्।

**मुलुकको रूपान्तरणसँग जोडिएको भूमिको मुद्दामा किन असहमति ?**

एउटै पार्टीभित्र त विवाद हुन्छ। धेरै पार्टी भएपछि त विवाद हुने नै भयो। २०५८ सालमा भूमि सुधार लागु गर्न धेरै विवादपछि ११ बिघामा टुङ्गियो। मेरो जोड ८ बिघाको हदबन्दी लगाई बाँकी रहेको जमिन भूमिहीन, सुकुम्बासी र साना किसानलाई वितरण गर्नेमा थियो। केही नहुनेसँग पनि ५ कट्ठा जमिन हुनुपर्छ भन्ने मेरो मान्यता हो।

क्रान्तिकारी कुरा गर्ने माओवादीहरू 'हदबन्दी लगाउने, खोस्ने र बाँड्ने हो' भन्छन्। कुरा टार्न र बार लगाउन उनीहरू अगाडि छन्। दलहरूको चर्को नारा, काम गर्ने बानी कम हुनाले भूमि सुधारको विषयमा सहमति हुन नसकेको हो।

**तपाईंको पार्टीको प्रस्तावचाहिँ के त ?**

जग्गामा हदबन्दी लगाइनुपर्छ। यसो गर्दा जग्गाधनीलाई क्षतिपूर्ति दिनुपर्छ। उपलब्ध जग्गा भूमिहीन सुकुम्बासी र साना किसानलाई वितरण गर्नुपर्छ। सहरी सम्पत्ति, ग्रामीण सम्पत्तिलाई पनि स्पष्ट छुट्याउनुपर्छ। सहरमा बस्नेहरूसँग धेरै जमिन नहोला तर उनीहरूको एउटै घरको करोडौँ मूल्य पर्न आउँछ, गाउँमा ४० बिघा जमिन आउने। उनीहरूलाई भूमिहीन भन्ने कि नभन्ने ? यो विषयमा स्पष्ट नीति ल्याउनुपर्छ भन्ने हाम्रो प्रस्ताव छ।

**न्याय दिनका लागि कसैको टाउको काटेर गाँस्ने भन्ने हुँदैन। यो जटिल प्रश्न छ। लामो समयदेखि एक वर्ग जमिनदारको रूपमा चयन गर्दै आए। अर्को वर्ग अभाव, गरिबी र समस्या भेल्दै आए। यी दुईबीच ठूलो विभेद छ।**

मानिसलाई रोजगारी र औद्योगिकीकरणतर्फ आकर्षित गर्नुपर्छ र सोअनुसारको अवसर पनि दिनुपर्छ। जग्गा नै जीविकाको एकमात्र साधन होइन, सहायक हो तर सुरक्षित बसोबासको सुविधा भने सबै नागरिकले पाउनुपर्छ।

**भूमिहीन र मोहीलाई कसरी न्याय दिने ?**

न्याय दिनका लागि कसैको टाउको काटेर गाँस्ने भन्ने हुँदैन। यो जटिल प्रश्न छ। लामो समयदेखि एक वर्ग जमिनदारको रूपमा चयन गर्दै आए। अर्को वर्ग अभाव, गरिबी र समस्या भेल्दै आए। यी दुईबीच ठूलो विभेद छ। यसकारण पनि हदबन्दी लगाई गरिबीमा बाँचेकालाई न्याय दिन जमिन वितरण गरिनुपर्छ। भूमिहीन सुकुम्बासीलाई कमसेकम सुरक्षित बसोबासको व्यवस्था र रोजगारी राज्यले दिनैपर्छ।

अहिले द्वैध स्वामित्व अन्त्य भएको छ। केही बाँकी रहेकाको समस्या समाधान गर्न त्यति ठूलो समस्या छ जस्तो लाग्दैन। भूमि सुधार हुँदा ती समस्या आफैँ समाधान हुन्छन्। आफैँले खेती गर्न सक्नेले खेती गर्नुपर्छ, नसकेकाले छाड्नुपर्छ तर कसैको जग्गा जमिन अधियामा कमाइआएको छ भने त्यस्तो जग्गामा भने खेती गराउने जग्गाधनीले मल, बीउ सहयोग गर्नुपर्छ।

**भूमि सुधारका लागि प्रभावकारी व्यवस्था गर्न तपाईं र तपाईंको पार्टीको भूमिका के रहन्छ ?**

मेरो पहिलेदेखि नै जोड कम्तिमा सबै मानिसले सुरक्षित बसोबास र खान पाउनुपर्छ भन्नेमा छ। सबैसँग भूमिको पहुँच हुनुपर्छ। खेती गर्न नसक्नेलाई जमिन दिएर के हुन्छ ? कति जमिन भयो भने मानिसको जीविका चल्छ भन्ने विषयमा राज्यले अध्ययन गरी जमिन वितरण गर्नुपर्छ भन्ने हाम्रो जोड छ।

भूमि सुधार गर्नुपर्छ तर उत्पादकत्व वृद्धि, भूमिको व्यवस्थापन, भूमिहीनलाई जमिनको अधिकार दिलाउनका लागि। नाममात्रको भूमि सुधारले केही गर्दैन। समय परिवर्तन हुँदै आएको छ। राज्यले आम्दानीको आधार बनाइदिनुपर्‍यो। र, कसले के गर्न चाहन्छ त्यसमा उनीहरूलाई स्थान दिने वातावरण तयार गरिदिनुपर्छ। यसका लागि हामी जनताको साथमा छौँ र यी विषयमा राज्यसँग पहल गरिनेछ।

# भूमि सुधारको विकल्प छैन




हरिबोल गजुरेल
कोषाध्यक्ष, एनेकपा माओवादी


**संविधान लेख्दै हुनुहुन्छ । यस क्रममा भूमिसम्बन्धी कस्तो छलफल चलिरहेको छ ?**

अरू विषयजस्तो भूमिको विषयले प्रवेश पाएको छैन । दोस्रो चरणको छलफल सुरु हुँदैछ । यसमा भूमि सुधारको विषयमा पक्कै गहन छलफल हुन्छ । र, संविधान सभामार्फत भन्ने नेपालको ऐतिहासिक संविधानमा 'भूमि सुधार' को मुद्दा समेटिनेछ ।

**नमिलेका विषय के/के हुन् ? गाँठो कहाँनेर छ ?**

भूमि सुधारमा पहिलेदेखि नै नमिलेको विषय जमिनको हदबन्दी, पुनःवितरण र क्षतिपूर्ति हो । दलहरूको बीचमा यी तीन विषयमा विवाद छ । सम्पत्ति सन्ततिलाई हस्तान्तरण गर्ने कि नगर्ने भन्नेमा पनि विवाद छ । हदबन्दी तोक्दा ख्याल गरौं तर क्षतिपूर्ति दिनुपर्दैन भन्नेमा हाम्रो जोड छ । क्षतिपूर्ति दिने हो भने ठूलो मूल्य हुन्छ । फेरि जनताकै ढाड भाँचिन्छ । २०२१ सालमा राजा महेन्द्रले भूमि सुधार लागु गर्दा पनि क्षतिपूर्ति दिनुपर्छ भनेका थिएनन् । हामी परिवर्तनको पक्षधर, कसरी दिनुपर्छ भन्छौं ? तर केही दल क्षतिपूर्तिका पक्षमा छन् । विवाद यहाँ पनि छ ।

**सबै दलले उठाउँदै आएको भूमि सुधारको मुद्दामा असहमतिचाहिँ किन ?**

नेपाली कङ्ग्रेस र नेकपा एमाले भूमि सुधारको पक्षमा देखिएका छैनन् । उनीहरूको बोली र व्यवहार फरक छ । पछिल्लो समयमा मधेसी दलहरू अलि लचक देखिएका छन् । उनीहरूको सामन्तीहरूसँग साँठगाँठ छ । मध्यम वर्ग र उच्च वर्गहरूसँग बढी सम्बन्ध गर्छन् । भूमि सुधार गर्‍यो भने जमिन खोसिन्छ र मतदाता बाउँटिन्छन् भनेर डराइरहेका छन् । यो मनगणन्ते हो जस्तो लाग्छ ।

भूमि सुधार हुन नदिने केही सामन्ती खुब चलखेल गरिरहेका छन् । हाम्रो सत्ताको स्वरूप पुरानै छ । २००७ सालमा जे पद्धति थियो अहिले पनि त्यही छ । कर्मचारीतन्त्र शक्तिशाली छ । यी वर्गसँग जमिनको बढी हिस्सा छ । यस कारण अनेक चलखेल र नेताहरूको लोभलाची मनस्थितिले छिट्टै सहमति भइहाल्छ भन्ने लाग्दैन ।

> **भूमिको विषयले प्रवेश पाएको छैन । दोस्रो चरणको छलफल सुरू हुँदैछ । यसमा भूमि सुधारको विषयमा पक्कै गहन छलफल हुन्छ ।**

**तपाईंको पार्टीको अडानचाहिँ के हो ?**

हामी वैज्ञानिक भूमि सुधारको पक्षमा छौं । नेपाल जस्तो गरिब मुलुकमा भूमि सुधारबिना अन्य विकास सम्भव छैन । यो विश्वको विभिन्न देशको उदाहरणले पुष्टि गरिसकेको छ । भूमि सुधार नहुने हो भने राष्ट्रिय पुँजी कहाँबाट आउँछ ? आत्मनिर्भर अर्थतन्त्र र राष्ट्रिय पुँजी सिर्जना गर्नका लागि पनि भूमि सुधार आवश्यक छ ।

उत्पादनको साधन भूमि हो । भूमि उत्पादन गर्ने वर्गले नै पाउनुपर्छ भन्ने हाम्रो जोड हो । जमिनको न्यायपूर्ण वितरण प्रधान विषय हो । कृषिलाई आधुनिकीकरण गरी बढ्दो विदेश पलायन रोक्नुपर्छ । भू-उपयोग नीति कार्यान्वयन हुनुपर्छ, प्रविधिको प्रयोग, कृषिको व्यवसायीकरण र औद्योगिकीकरणमा जोड दिनुपर्छ ।

भूमि सुधारलाई जमिनको वितरणको आँखबाट मात्र हेरिनुहुन्न । जमिनको अधिकतम् प्रयोग, उत्पादन बढाउने, प्रविधिको प्रयोग, खण्डीकरण हुन नदिने, मुलुकमा औद्योगिकीकरण सुरुवातको आँखाबाट हेरिनुपर्छ । जमिनको खण्डीकरण होइन, चक्लाबन्दी खेती बढाउनुपर्छ । टुक्राटुक्रा खेतीले उन्नति सम्भव छैन । यसका लागि निजी क्षेत्र, सहकारी/कम्पनी र सरकारी तीन पक्षबीच प्रतिस्पर्धा गराएरमात्र खेतीपाती गर्न दिने गरी भूमि व्यवस्थापन गर्नु जरुरी छ । हामी यो विषय छलफलमा लाँदैछौं ।

**भूमिहीन र मोहीलाई कसरी न्याय दिने ?**

भूमिहीन सुकुम्बासी समस्या जटिल छ । उनीहरूले लामो समयदेखि भूमि नहुँदाको पीडा र कष्टकर जीवन बिताउँदै आए । भूमि सुधार हुने हो भने यी वर्गले न्याय पाउनेछन् । र, जमिनको पुनःवितरण गर्दा भूमिहीन र सुकुम्बासीलाई बढी ग्राह्यता दिनुपर्छ । सुरक्षित आवास र जीविकोपार्जन गर्न सहयोग गर्नुपर्ने हुन्छ र उत्पादन गर्न सक्ने र कृषिमा सिप र रुचि भएकालाई उच्च प्राथमिकतामा राखी जमिनको वितरण गरिनुपर्छ ।

मोही अर्को जटिल सवाल हो । उनीहरू धेरै शोषण र अन्यायमा परेका छन् । द्वैध स्वामित्वको अन्त्य हुनुपर्छ । र जस-जसले जमिन जोतिरहेका छन्, बिनासर्त उनीहरूलाई जमिन दिनुपर्छ । उनीहरूका बालबालिकालाई रोजगारी, उचित शिक्षा-दीक्षा, स्वास्थ्यमा प्राथमिकता दिनुपर्ने हुन्छ । यति भयो भने धेरै हदसम्म न्याय हुनेछ ।

**तपाईंहरू संविधान लेख्ने ठाउँमा हुनुहुन्छ । यसबारेमा के गर्दै हुनुहुन्छ त ?**

खासगरी भूमिहीन, सुकुम्बासी, साना किसान र कृषि मजदूरहरूको झन् बढी आशा हाम्रो पार्टीप्रति छ । यसकारण संविधान सभामा व्यापक बहस गरी वैज्ञानिक भूमि सुधार लागु गर्नका लागि हामी प्रयत्न गर्नेछौं ।

म उच्चस्तरीय वैज्ञानिक भूमि सुधार आयोगको अध्यक्ष पनि भइसकेको र यी विषयमा अध्ययन पनि गरेकाले नेपालमा भूमि सुधार हुनुपर्छ भन्ने हाम्रो बटम लाइन हो । संविधान सभामा यी विषयमा हामी छलफल गर्छौं र भूमि सुधारको मुद्दा संविधानमा लेख्नका लागि भूमिका खेल्नेछौं । ✿

# भूमि सुधार गर्न सबै शक्ति एकजुट हुनपर्छ



**जीतेन्द्रदेव नारायण**
महासचिव, मधेसी जनअधिकार फोरम (लोकतान्त्रिक)

**संविधान सभामा भूमिको बहस कस्तो छ ?**

संविधान सभाको मस्यौदा समितिमा छु। सभामा छलफल भएर आएको विषयलाई हामी मस्यौदामा ढाल्ने काम गर्छौं। अहिलेसम्म संविधान सभामा भूमिको विषयमा बहस भएको छैन। अब हुने दोस्रो चरणको छलफलमा यो विषयमा पक्कै छलफल हुनेछ। नेपालमा वैज्ञानिक भूमि सुधार गर्नुपर्छ भन्नेमा सबै कम्युनिस्ट एकजुट भएका छन्। यसैले यो विषयमा पर्याप्त बहस हुन्छ।

**यसबारे नमिलेका विषय के/के हुन् ?**

नेपालको अन्तरिम संविधानले वैज्ञानिक भूमि सुधारको कुरा लेखेको छ। १२ बुँदे समझदारी र विस्तृत शान्ति सम्झौतामा पनि भूमि सुधारको विषय उल्लेख छन्। यसकारण यो नमिल्नुपर्ने, विवाद गर्नुपर्ने विषय हुन् जस्तो लाग्दैन। केही पार्टीमा हदबन्दी तोक्ने, क्षतिपूर्ति दिने कि नदिने, दिएमा कति दिने भन्नेमा विवाद छ। भूमि सुधार लागु गर्दा कुन मोडलमा जाने भन्नेमा सैद्धान्तिक विमति छन्। हामीकहाँ अझै पनि सामान्ती व्यवस्थाको अवशेष छ। जसको पक्षमा केही दल देखिएका छन् तर अब यो सम्भव छैन भन्ने कुरा सबैले बुझ्नु आवश्यक छ। भूमि सुधारमा सबै राजनीतिक शक्ति एकजुट हुन आवश्यक छ।

**भूमिको मुद्दामा असहमति किन भएको होला ?**

दलहरू भूमि सुधारको विषयमा असहमत देखिएका छैनन्। संविधान सभाबाहिरका दलबाहेक सबै दल भूमि सुधारमा सहमत छन्। अब भित्रका विषयमा कुरा मिल्ने नमिल्ने भन्ने बहस हुनै बाँकी छ। भूमि सुधार सिङ्गो मुलुकको रूपान्तरणसँग जोडिएको विषय भएकाले संविधान बाहिर रहेका दललाई पनि सहमत गराउन सके राम्रो हुन्छ। अन्ततः भूमि सुधारबिना समग्र मुलुकको रूपान्तरण र आर्थिक विकास सम्भव
छैन। यसकारण पनि सहमति जरुरी छ।

**केही वर्षदेखि रोकिएको मोही बाँडफाँट प्रक्रिया खुलाई किसानलाई विशेष प्राथमिकता दिइनुपर्छ। जग्गाधनी र मोहीबीचमा किचलो भएर जमिनको सदुपयोग हुन सकेको छैन र जमिन बाँझिने क्रम बढ्दो छ। स्पष्ट कार्ययोजना बनाएर मोहीलाई ग्राह्यता दिएर द्वैध स्वामित्व अन्त्य गरिनुपर्छ।**

**यस सम्बन्धमा तपाईँको पार्टीको अडानचाहिँ के हो ?**

हामी स्पष्टै वैज्ञानिक भूमि सुधारको पक्षमा छौँ। वैज्ञानिक भूमि सुधारबिना नेपालको आर्थिकलगायत अन्य क्षेत्रको विकास सम्भव छैन। यसकारण हामी यसलाई प्याकेजका रूपमा ल्याउनुपर्छ भन्नेमा छौँ। वैज्ञानिक भूमि सुधारको मुख्य उद्देश्य कृषिको उत्पादन र उत्पादकत्व बढाउने नै हो। हामीकहाँ उत्पादन बढ्ला भन्दा झनझन् घट्दै गइरहेको छ। पञ्चायत कालमा राजा महेन्द्रले भूमि सुधार लागु गर्दा जग्गाको हदबन्दीलाई मुख्य बनाए। तर त्यसको प्रभावकारी कार्यान्वयन नहुँदा जमिनदारले प्रशस्तै जग्गा जमिन लुकाउने अवसर पाए। अब त्यो सम्भव नहुने गरी भूमि सुधार कार्यान्वयन कानुन पनि बन्नुपर्छ।

**भूमिहीन र मोहीको समस्यालाई कसरी हेर्नुभएको छ ?**

नेपालमा नागरिकता र सुकुम्बासी समस्या धेरै जटिल मुद्दा हो। यसको समाधान अहिले नै गर्न नसके भविष्यमा राज्यले धेरै समस्या बेहोर्नुपर्नेछ।

भूमिहीन सुकुम्बासीको यकिन लगत लिई उनीहरूको अवस्था विश्लेषण गरी क्षतिपूर्तिसहितको जग्गा, निर्ब्याजी ऋण, विभिन्न रोजगारीको अवसर दिएमा न्याय हुन्छ। यो राज्यको दायित्वभित्र पर्छ। जमिन दिएरमात्र हुन्न सिँचाइ, मलखाद बीउमा पनि सहयोग गरिनुपर्छ।

द्वैध स्वामित्वको अन्त्यबिना मोही किसानले न्याय पाउन सक्दैनन्। केही वर्षदेखि रोकिएको मोही बाँडफाँट प्रक्रिया खुलाई किसानलाई विशेष प्राथमिकता दिइनुपर्छ। जग्गाधनी र मोहीबीचमा किचलो भएर जमिनको सदुपयोग हुन सकेको छैन र जमिन बाँझिने क्रम बढ्दो छ। स्पष्ट कार्ययोजना बनाएर मोहीलाई ग्राह्यता दिएर द्वैध स्वामित्व अन्त्य गरिनुपर्छ।

**यी विषयमा तपाईँ र तपाईँको पार्टीको भूमिका के रहन्छ ?**

संविधान सभामा सिङ्गो मधेसमात्र नभई मुलुककै प्रतिनिधित्व गरी संविधान लेखन प्रक्रियामा छौँ। यो महान् यात्रामा भूमि सुधारको मुद्दा छुटाउने प्रश्नै आउँदैन। हाम्रो प्रयत्न संविधानमा भूमि सुधार कायम गराउने, संविधानमार्फत घोषणा भइसकेपछि त्यसको उचित कार्यान्वयनका लागि पहल गर्न प्रतिबद्ध छौँ। हामी छलफल गर्नेछौँ। बहस गर्छौं। भूमि सुधारबारे अरू दलसँग सहमतिका लागि जुट्छौँ।



कुमार थापा

# अहिंसात्मक अभियानको यात्रा

## नरेन्द्र मोदी र ट्रेनको यात्रा

पहिलो र लामो ट्रेनको यात्रा । जति चिन्तित उत्तिकै उत्साह ! ट्रेनको यात्रामा अपनाउनुपर्ने होसियारबारे चन्द्रकिसोर झा र जगत देउजाबाट जानकारी लिएका थियौं । ५,५१७ मध्ये पहिलो यात्रा ३५०० किमीको थियो । यात्रालाई सजिलो बनाउन बाटोमा देखिने हरियाली, खेतीपाती, जमिनको बनोट र प्रकृतिलाई नियाल्ने, यात्रीहरूसँग गन्थनमन्थन गर्ने र आफूसँग भएको पुस्तकको अध्ययन गरियो । यसरी यात्रा दुरीमा टाढा भएनि छोटो भएको महशुस हुन्थ्यो । यात्रामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चर्चा चल्यो । धेरै मोदीको पक्षमा बोल्ने भेटिए । मोदी सामाजिक क्षेत्रमा काम गरेर भन्दानि व्यापारिक हिसावले राजनीतिमा प्रवेश गरेको तर्क गर्ने पनि थिए । जे भए पनि भारतमा मोदीको चर्चा ठूलै छ ।

## गाउँका सहयोगी किसुन

सेप्टेम्वर ९ मा तामिलनाडु, मधुराइको सिजुपट्टी गाउँ पुगियो । उस्तै घर, मिलेको बस्ती । तर अधिकांश सुकुम्बासी । छलफल सुरु भयो परिचयबाट । मणकम (नमस्कार) मेरा नाम किसुन । मैं यस ग्रामका स्वयंसेवक । बालबालिकाहरू हुरुरु ! आए । सबैले भने 'मणकम' । किताव निकाले, थाले अध्ययन । त्यहाँका बालबालिकालाई किसुनले गृहकार्यमा सघाउने रहेछन् । छोरीलाई स्कुल पठाउने चलन थिएन रे । महिला समूह बनेपछि 'छोरीलाई शिक्षा' विषयमा छलफल चलेछ । यसपछि सबैले छोरीलाई स्कुल भर्ना गरेछन् । यसैले सामाजिक परिवर्तनको लागि महत्वपूर्ण औजार हो 'स्वयंसेवक' ।

## प्रतिवद्द अगुवा र कार्यकर्ता

बिहानीको मिरमिरे उज्यालो ! हातमा कुचो लिएर शशि सेन्टरको प्राङ्गण सरसफाईमा जुटिन् जिल । भाँडा माझ्ने थातथलो सरसफाईमा जुटे राजगोपाल । शौचालय सरसफाईमा लागे, अजय चौधरी । हरेक बिहानी अगुवाहरू यसै गर्थे । मधुराई होस् या कटनी । 'गर' हैन । 'गरौं' भन्ने भावना भएका । जसले कार्यकर्ताहरूमा थप हौसला थप्थ्यो । र, एकै छिनमा सबै काम तमाम् । प्रशिक्षण, शिविर या ट्रेनको यात्रा । तीन रात र एक दिनको यात्रामा जिल र राजगोपाल सँगै थिए । र थिए अन्तर्राष्ट्रिय सहभागी र एकता परिषद् का कार्यकर्ता पनि । सबैलाई समान व्यवहार । जसले अगुवा र कार्यकर्ताबीचको सम्बन्ध अझ गाढा बनाउँथ्यो ।

## आन्दोलन प्रतिको प्रतिवद्दता

भिजेको कपडा । थोकेको अनुहार । पाँच किमी जति हिलो बाटो र खोलाको हिँडाई । गाउँमा आदिवासी भाषामा स्वागत गीत, अनि सुरु भयो परिचय । उनीहरूले गरेको अभियानबारे सुनाउँदा सबैको थकान गाएव । एकअर्काबीच राम्रो सम्वाद चल्यो । उपलब्धीहरू नियाल्दा निरन्तर आन्दोलनमा लाग्ने अगुवाहरूको भूमिका मुख्य देखिन्थ्यो ।

हिंसात्मक भन्दा अहिंसात्मक आन्दोलनको तयारी बढी गर्नुपर्ने बुझायो भयो । जयजगत सन् २०२० को लागि अहिलेदेखिकै तयारी बेजोड छ । आन्दोलन कोष, नारा, कलामञ्चको छुट्टै टोली......। छलफल गर्दा गर्दै साँझको ७ बजेछ । फर्कनु थियो । जङ्गल र खोलाको बाटो ४ किमीसम्म पुऱ्याउन उनीहरू आए । अहिंसात्मक आन्दोलनमा सबै एक भएको बाचा गराए । 'एकता परिषद् जिन्दावाद', 'जयजगत २०२० सफल हो' । लाग्यो आन्दोलनमा सबैको प्रतिवद्दता, अपनत्व र एकता अनिवार्य चाहिन्छ । अनि मात्र अहिंसात्मक आन्दोलनद्वारा सफलता मिल्छ ।


## अहिंसात्मक आन्दोलनको नमुना गाउँ

सेप्टेम्वर १४ मा सोहोर जिल्लाको बोरी पुगियो । समुदाय नपुग्दै बीच बाटोमा सय जना जति बाजागाजासहित नारा लगाई रहेका देखिए । अहिंसात्मक आन्दोलनमा सबैलाई लाग्न उत्प्रेति गरेको महशुस गर्न सकिन्थ्यो । महिलामाथि हिंसा भई रहने समुदायमा महिला सङ्गठित बनेपछि विस्तारै परिवर्तन आएको रहेछ । गाउँ पञ्चायतको स्रोतमा दाबी गरी तालिम लिई सिलाई पसल (टेलर) सञ्चालन गरेका छन् । गाई र भैंसी पालन गरी दुध डेरी आफैंले सञ्चालन र खुद्रा पसल सञ्चालन गरेका छन् । पिठो पिस्ने मिल राखेका छन् । सदस्यलाई घरमै रोजगारको अवसर छ । आम्दानी बढेको छ । समुदायमा एकता कायम भएको छ । केही गरौं भन्ने उत्प्रेरणा जगाएको देखिन्थ्यो ।

अहिंसात्मक अर्थतन्त्रको विषयमा हरेक गाउँ मञ्चमा छलफल हुन आश्यक छ, भन्ने सन्देश यहाँबाट लिन सकिन्छ ।

## वेटी हो त कल हैं

मध्ये प्रदेश सिहोर जिल्लाको बोरी गाउँ । जहाँ कुनै समय महिला हिंसा नभएको दिन हुँदैनथ्यो । छोरा जन्मियो भोज चल्थ्यो । बाजागाजा बज्थ्यो । नाचगान हुन्थ्यो । जव बोरी गाउँमा विनय सरपञ्च भए । उनले छोरी पाउनेको नाममा मिठाई बाड्न थाले । उनले गाउँमा 'छोरीलाई स्वागत' भन्ने कार्यक्रम नै चलाए । गाउँ पञ्चायतबाट छोरी पाउने महिलालाई सुत्केरी हुँदा फलफूल र पोषणयुक्त खाना वितरण गर्ने व्यवस्था मिलाए । अहिले छोरी जन्मिने वित्तिकै गाउँमा खुसी मनाउन थालिएको छ । त्यति मात्र हैन उनले आफू बस्ने कार्यकक्षमा 'वेटी हो त कल हैं' भन्ने नारासमेत लेखेका छन् । जसको अर्थ हो छोरी नै भविष्य हो । उनले गरेको यो 'अहिंसात्मक यात्रा'को रचनात्मक काम थियो । यसबाट समाजमा परिवर्तन गर्न असाध्यै ठूलो काम गरिरहनु पर्दैन सानो प्रयासले पनि समाज परिवर्तन गर्न मद्दत गर्छ भन्ने बोध गराउँथ्यो । ✪


माननीय सभासद् ज्यू, हामी मोरङ जिल्लाबासी आरामै छौं । माननीयज्यूलाई पनि आरामै होला भन्ने आशा लिएका छौं । लामो समय भयो गाउँगाउँमा आएर जानुभएको । अब कहिले आउनुहुन्छ भन्दै दिन बिते, महिना बिते तर भेट हुन सकेको छैन । चुनावका बेला भण्डा बोक्यौं नारा लगायौं, जनमानस जुटायौं । तपाइँको भाषण र जनतामाझ गरेको प्रतिवद्दता सम्झेका छौं । जनताको माया पाउनुभयो । विजयी हुनुभयो । संविधान निर्माण गर्ने ठाउँमा पुग्नुभएको छ । हामी भूमिहीन, सुकुम्बासीलगायत भूमिको अधिकारबाट वञ्चितको पक्षमा संविधान लेख्नुहुनेछ भन्ने ठूलो विश्वास लिएका छौं । संविधानमा भूमि सुधारको मुद्दा लेख्दा हदबन्दीभन्दा बढी भएको जमिनको क्षतिपूर्ति नदिने व्यवस्था लेख्नुहुन अनुरोध छ । जय भूमि ।

जिल्ला भूमि अधिकार मञ्च, मोरङकी जानकारी मगरले संविधान सभाका सभासद्लाई भदौ २६ मा लेखेको पत्रको अशं

## संविधानमा भूमि सुधार अभियान

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले बन्दै गरेको संविधानमा भूमिको मुद्दा समावेश गराउन देशभर अभियान सञ्चालन गरिरहेको छ । मञ्चले यस क्रममा संविधान सभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ, संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति डा. बाबुराम भट्टराई, संवैधानिक अभिलेखन तथा निर्क्यौल समितिका सभापति विष्णु पौडेल, नेकपा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल, एमाओवादीका उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छे, नेकपा मालेका महासचिव सीपी मैनाली र संविधान सभाका सभासद्हरूसँग भेट गरी बन्दै गरेको संविधानमा भूमि सुधार गर्न पर्याप्त आधार हुने गरी व्यवस्था गर्न अनुरोध गरेको छ ।

यस्तै, संविधान सभामार्फत बन्ने नेपालको नयाँ संविधानमा भूमि सुधारका मुद्दा नछुटाउन सम्झाउँदै देशभरका भूमि अधिकारबाट वञ्चितहरूले सभासद्हरूलाई भूमि सुधारपत्र लेखी पठाएका छन् । संविधान सभाका सभासद्लाई विभिन्न जिल्लाबाट २ हजार ९ सय ४२ पत्र पठाइसकिएको छ । यसरी पत्र पठाइ झक्झक्याउने क्रम जारी छ ।

## संविधान निर्माण गर्न खबरदारी सभा

जिल्ला भूमि अधिकार मञ्च, उदयपुरको आयोजनामा भदौ २५ गते गाईघाटमा बृहत् भूमि अधिकार सभा भयो । संविधानमा भूमि सुधारको मुद्दा समेट्न दबाब सिर्जना गर्ने उद्देश्यका साथ आयोजना भएको सभामा २५०० भन्दा बढीको सहभागिता थियो ।

'हाम्रो नारा हाम्रै भोट, नबिर्स वाचा, नदेऊ चोट, संविधानमा भूमि अधिकार स्थापित गर, तोकिएकै समयमा संविधान जारी गर' नारासहित भूमि अधिकारबाट वञ्चितहरूले र्‍यालीसहित गाईघाट बजार परिक्रमा गरी बृहत् सभा गरेका छन् । सभामार्फत भूमि अधिकारबाट वञ्चितहरूले संविधान सभामार्फत भूमि सुधारको माग गरेका छन् । सभामा जिल्लाका राजनीतिक दल, स्थानीय सरोकारवाला निकायका प्रतिनिधि, भूमि अधिकारबाट वञ्चितहरू सहभागी थिए ।

सभामा सहभागी राजनीतिक दलहरूले 'भूमि' समस्या जटिल र पुरानो सवाल भएकाले यसको समाधानका लागि संविधानमार्फत भूमि सुधार घोषणा जरुरी रहेकामा जोड दिए । दलबीच एकअर्कोमा विवाद नगरी मुलुकमा भूमि सुधार गर्नमा एकजुट हुनुपर्ने स्थानीय सरोकारवाला निकायका प्रतिनिधिले बताएका छन् ।






## संविधानमा हरूवाचरूवाको मुद्दा समेट्न माग

नयाँ संविधानमा हरूवाचरुवालगायत सम्पूर्ण भूमिहीनको मुद्दा समेट्न माग गर्दै जिल्ला भूमि अधिकार मञ्च सिरहाले असोज ६ गते खबरदारी सभा आयोजना गऱ्यो । सिरहाको धनगढीमा आयोजना भएको 'संविधानमा भूमि अधिकार' सभामा ५ सयभन्दा बढी भूमिहीन सहभागी थिए । भूमिहीन सुकुम्बासीले जीविकाका लागि जोत्ने जमिन र बस्नका लागि सुरक्षित व्यवस्था गरिदिन माग गरेका छन् । उनीहरूले संविधानमै हरूवाचरुवा र सम्पूर्ण भूमिहीनका लागि जोत्ने जमिन, बसोबासका लागि सुरक्षित आवास र बालबच्चाका लागि शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी हुनुपर्ने माग राखेका छन् ।


सभामा बोल्दै राष्ट्रिय भूमि अधिकार मञ्चकी उपाध्यक्ष गुलावदेवी रामले ठूला राजनीतिक दलले भूमिहीनहरूको समस्या समाधान गर्न पटकपटक लिखित प्रतिबद्धता गरे पनि भूमिहीनहरूको समस्या यथावत रहेकामा दुःख व्यक्त गर्नुभयो । उहाँले लाखौं भूमिहीनको सवाल समेटेर संविधानमा भूमि अधिकारको विषय लेखिनुपर्ने माग राख्नुभयो ।

सभामा बोल्दै सुकुम्बासी समस्या सामाधान आयोग सिरहाका अध्यक्ष चन्द्रेश्वर मण्डलले जिल्लाका सबै सुकुम्बासीको घरबासका लागि सक्दो प्रयास गर्ने बताउनुभयो । सभामा उपस्थित स्थानीय राजनीतिक दलका नेताहरूले संविधानमा भूमि सुधारका लागि आफूहरूले सक्दो प्रयास गर्ने बताएका छन् । दलका नेताहरूले भूमि अधिकार मञ्चले उठाएको मागप्रति सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । कार्यक्रममा नेकपा एमालेका जिल्ला सचिव उत्तरबहादुर जर्घामगर, एकीकृत माओवादीका जिल्ला सदस्य रामप्रीत राम, सद्भावनाका क्षेत्रीय सदस्य प्रदीपसिंह दनुवारलगायत जिल्लाका सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता थियो ।

त्यस्तै, असोज ८ गते जिल्ला भूमि अधिकार मञ्चको आयोजनामा सप्तरीमा संविधानमा भूमि सुधारको मुद्दा समेट्न माग गर्दै खबरदारी सभा भयो । भूमि अधिकारबाट वञ्चितहरूले आयोजना गरेको सभामार्फत भूमिहीनहरूले मुलुकको सम्पूर्ण भूमि समस्या समाधान नभएसम्म आन्दोलन जारी राख्ने उद्घोष गरेका छन् । सभामा स्थानीय राजनीतिक दल, स्थानीय सरोकारवाला निकायका प्रतिनिधि र भूमि अधिकारबाट वञ्चित सहित करिब ५०० सहभागी थिए ।

## भीमदत्तको सम्झना, भूमि सुधारको अपेक्षा

'भूमिहीन, किसानका सपना साकार पारौं, भीमदत्त पन्तलाई सम्मान गरौं' सन्देशका साथ किसान नेता भीमदत्तको सम्झना गरियो । साउन १७ किसान नेता पन्तको ६२ औं स्मृति दिवस हो । भूमि अधिकार मञ्च स्थापना भएयता किसान नेता पन्तको स्मृति दिवस मनाउने गरिएको छ ।



कैलाली, कञ्चनपुर र डडेलधुरामा ५७४ बिरुवा रोपियो । डडेलधुरामा 'भीमदत्तको किसान आन्दोलन र आजको सान्दर्भिकता' बारे छलफल भयो । कञ्चनपुर र बैतडीमा भीमदत्त स्मृति प्रतिष्ठान, भूमि अधिकार मञ्च, हलिया मुक्ति समाज, इन्सेक र महिला शक्ति केन्द्रको संयुक्त आयोजनामा अन्तरक्रिया भयो । यस अवसरमा बोल्नेहरूले सुकुम्बासीले सुरक्षित बास, मजदूरले उचित ज्याला र भूमिहीन किसानले जग्गा पाएमा मात्र भीमदत्तको सम्झानाको अर्थ हुने उनीहरूको भनाइ थियो ।





## आत्मनिर्भर केन्द्रको सामाजिक लेखाजोखा

भदौ २० गते काठमाडौंमा सामुदायिक आत्मनिर्भर केन्द्रको सातौं वार्षिक सामाजिक लेखाजोखा भयो । कार्यक्रममा संस्थाले गरेको काम र उपयोग गरिएको स्रोतबारे लेखाजोखा गरियो । आ.व. २०७०/०७१ मा संस्थाले रू.५,५५०३६३१.८८ उपयोग गरेको छ । जसमा व्यवस्थापनतर्फ रू.१०००६८९३.८८ (१८ प्रतिशत) र कार्यक्रमतर्फ रू.४५४९६७३८ (८२ प्रतिशत) छ । सामाजिक लेखाजोखामा आत्मनिर्भर केन्द्रको आ.व. २०७०/०७१ को प्रगति प्रतिवेदन कार्यकारी निर्देशक जगत देउजा र आर्थिक प्रगति प्रतिवेदन वरिष्ठ वित्त तथा प्रशासन अधिकृत गीता पण्डितले प्रस्तुत गर्नुभयो ।

यस वर्ष सञ्चालित अभियानमार्फत १ हजार ५ सय २१ परिवारले स्थानीय निकायबाट जोतभोगको आधार प्रमाणपत्र लिएका छन् । आधारपत्र प्राप्त जग्गाको क्षेत्रफल ४५६ बिघा छ । ४ सय ४४ परिवारले ९४ बिघा भूमिको कानुनी अधिकार प्राप्त गरेका छन् । १ हजार ८ सय ३० परिवारले १०४ बिघा जग्गा गाविस, सामुदायिक वन, विद्यालय आदिसँग सहमति गरी लामो अवधिका लागि उपयोगका गरेका छन् । भूमिमा महिलाको स्वामित्व बढाउनका लागि भएको अभियानमा सङ्गठित भई ८ सय ८२ परिवारले ५९४ बिघा जग्गामा संयुक्त लालपुर्जा निर्माण भई महिला-पुरुषको बराबरी स्वामित्व कायम भएको छ ।

भूमिहीन किसानको सहभागितामा ३५ कृषि सहकारी निर्माण भई १ हजार ५ सय ५३ सदस्य सङ्गठित भएका छन् । सहकारीले १९ लाख ६३ हजार ४ सय पुँजी परिचालन गरी तरकारी खेती, पशुपालन, माछा पालनलगायतका कृषि व्यवसाय थालेका छन् । १० हजार ६ सय ५ परिवारले गाविस, जिविस तथा अन्य निकायबाट १ करोड, १८ लाख ६४ हजार, ६ सय २४ स्रोतमा दाबी गरी जीविकोपार्जनमा सुधार ल्याउन र आधारभूत सेवा प्राप्तिका लागि साना भौतिक विकासका कार्यक्रममा उपयोग गरेका छन् ।

विभिन्न जिल्लामा भएको शान्तिपूर्ण धर्नापछि भूमि सुधार तथा व्यवस्था मन्त्रालय र राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालबीच नौ बुँदे सहमतिअनुरूप मन्त्रालयले गुठी जग्गाको समस्यासम्बन्धी अध्ययन गरिरहेको र भूमिसम्बन्धी ऐनमा संशोधन गर्न बनेको विधेयक संसदमा पेश हुने स्थिति बनाउन योगदान गरेको सामाजिक लेखाजोखामा बताइयो । संस्थाले भूमि कब्जा, गैरकृषियोग्य जग्गाको गैरकृषीकरण, भूमि अनुगमन प्रतिवेदन तयार गरी उपयोगमा ल्याएको जनाएको छ ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहभागी हुनुभएका नेपाल राष्ट्र ब्याङ्कका गभर्नर डा. युवराज खतिवडाले जन्मदेखि मृत्युसम्म जमिनसँग सम्बन्ध हुने भएकाले नेपालको सन्दर्भमा सबैका लागि जमिन आवश्यक भएको बताउनुभएको छ । उहाँले सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले गरेको कार्यक्रमलाई देशव्यापी बनाउनुको साथै राजनीतिक वृत्तमा छलफलमा ल्याउनुपर्ने पनि बताउनुभयो ।

सामाजिक लेखाजोखा कार्यक्रममा समुदाय तहदेखि नीति निर्माण तहका सरोकारवाला निकायका ४१ महिला र २९ जनजातिसहित १५० भन्दा बढी व्यक्ति सहभागी थिए । उनीहरूले सामाजिक लेखाजोखामा उपस्थित भई आत्मनिर्भर केन्द्रको सहजीकरणमा जारी भूमि अधिकार आन्दोलनप्रति धारणा राखेका छन् ।



## कृषि बजेट भूमिहीन, महिला र साना किसानमुखी हुनुपर्ने

सरकारी बजेटको मुख्य हिस्सा नागरिकले बुझाउने कर हो । कर तिर्नेमध्ये पनि सरकारले कमजोर नागरिकका लागि बढी कार्यक्रम र बजेट छुट्याउनुपर्छ तर व्यवहार भने त्यस्तो छैन । जो मोटा र धनी हुन् तिनैले बढी बजेट पाउँछन् । कृषि क्षेत्रमा गत वर्षको तुलनामा थोरै बजेट बढेको छ तर त्यस्तो कार्यक्रम र बजेटमा साना किसान, महिला किसान र भूमिहीनको ठाउँ भने ज्यादै कम छ । बजेट बनाउनुपहिले र पछि सर्वसाधारण नागरिकसँग सरकारले छलफल गर्ने परिपाटी छैन ।

'कृषि बजेटमा साना, महिला र भूमिहीन किसान' विषयमा साउन १६ गते काठमाडौंमा बहुपक्षीय सरोकारवाला छलफल भयो । छलफलमा डडेलधुरा, दैलेख, सुर्खेत, चितवन, सिन्धुपाल्चोकलगायतका किसान, कृषि विकास मन्त्रालयका वरिष्ठ बाली विकास अधिकृत डा. हरिबहादुर केसी, राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष दीपेन्द्रबहादुर क्षत्री, कृषि विभागका वरिष्ठ कृषि अर्थविज्ञ भरत कँडेल, कृषिविज्ञ डा. कृष्ण पन्त र विश्लेषक हरि रोक्का, योजना आयोगकी विष्णुदेवी पौडेल, सञ्चारकर्मी, विभिन्न सङ्गठनका प्रतिनिधिलगायत २५ महिलासहित ५३ जना सहभागी थिए ।

छलफलमा अहिलेको कृषि बजेट ठूला किसानमुखी भएको चर्चा भयो । बजेट तर्जुमा गर्दा साना, महिला र भूमिहीन किसानले के पाउँछन् ? भन्ने सोचाई राखेर सो सम्बन्धमा छुट्टै शीर्षकमा बजेट छुट्याउनुपर्ने माग किसानको छ । भूमि सुधार नसमेटिएको बजेटले साना र भूमिहीन किसानलाई नछुने दाबी उनीहरूको छ । अहिलेको बजेटमा भएका केही राम्रा व्यवस्थालाई किसानको घरदैलो र खेतबारीसम्म पुऱ्याउन पनि त्यस अवसरमा सबैले पहल गर्नुपर्नेबारे छलफल भयो ।

## सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन तालिम

सामुदायिक आत्मनिर्भर केन्द्रको आयोजनामा तीन दिने सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन तालिम भयो । तालिममा सहभागीमूलक अनुगमन कसरी गर्ने, बेसलाइनको महत्व, अनुगमनका औजारहरू (प्रगति मापक सूचक) कसरी प्रयोगमा ल्याउने, नतिजामुखी प्रतिवेदन लेखन अभ्याससम्बन्धी विषयमा छलफल भयो । तालिममा अभियान संयोजक, अधिकृत, जिल्ला मञ्चका संयोजक, पूर्णकालीन कार्यकर्ता र कार्यालय सचिवसहितको सहभागिता थियो ।

तालिमबाट सहभागीमूलक अनुगमन तथा मूल्याङ्कन नीतिबारे जानकारी आदान-प्रदान भई नतिजामुखी योजना, अनुगमन तथा मूल्याङ्कन प्रक्रिया तथा नतिजामुखी प्रतिवेदन लेखनमा क्षमता अभिवृद्धि भएको छ । त्यसैगरी भूमि अधिकार अभियानअन्तर्गतको नयाँ रणनीति (२०१४-२०१९) मा समावेश गरिएको उद्देश्य नतिजा र त्यसका सूचकबारे सहभागी स्पष्ट भएका छन् । साथै अनुगमन तथा मूल्याङ्कनको कार्ययोजनामा छलफल भई सहभागीहरू सो कार्ययोजना कार्यान्वयनमा पनि स्पष्ट भएका छन् । तालिममा सिकेका विषयहरूको प्रभावकारी उपयोगिता सुनिश्चित गर्न जिल्लागत कार्ययोजना पनि निर्माण गरिएको छ । १७–२० भदौमा काठमाडौँमा भएको तालिममा १३ महिला, ८ दलित र ११ जनजातिसहित २५ जना सहभागी थिए ।



## कतै पुर्जा, कतै आधारपत्र

महोत्तरी, किसाननगर- ६ का गाउँब्लक जग्गामा २०१५ सालदेखि बसोबास गर्दै आएका ४ परिवारले लालपुर्जा पाएका छन् । जिल्ला भूमि अधिकार मञ्चको पहलमा नापी भएको जग्गा स्थानीय सर्जमिन मुचुल्काको आधारमा गाउँब्लकबासीले पुर्जा प्राप्त गरेका हुन् ।

त्यस्तै, जिल्ला भूमि अधिकार मञ्चले सञ्चालन गरेको अभियानमार्फत दाङमा २०१, कैलालीमा १९२, महोत्तरीमा १४४ र कञ्चनपुरका २५ परिवार गरी यस महिना ५६२ भूमिहीन सुकुम्बासी परिवारले गाविसको कार्यालयबाट बसोबास तथा जोतभोगका आधारपत्र लिएका छन् ।

## जिल्ला मञ्चको सम्मेलन

जिल्ला भूमि अधिकार मञ्च, बाराको तेस्रो जिल्ला सम्मेलन भयो । भदौ २८ र २९ गते भएको दुई दिने सम्मेलनबाट टीकाबहादुर अधिकारीको अध्यक्षतामा १७ (६ दलित, ९ महिला, ६ जनजातिसहित) सदस्यीय जिल्ला कार्यसमिति गठन भएको छ ।

यस्तै, तनहुँ जिल्लामा विष्णुमाया बिकको अध्यक्षतामा ९ सदस्यीय जिल्ला तदर्थ समिति गठन भएको छ । योसँगै मुलुकभर ५४ जिल्लामा भूमि अधिकार मञ्च गठन भई अभियान सञ्चालन भइरहेको छ ।

## संयुक्त पुर्जा बनाउने थपिए

साउन र भदौमा गरी नुवाकोटमा १३, सुनसरीमा ३४, ललितपुरमा ७, महोत्तरीमा ६, रौतहटमा २, झापामा १, मोरङमा २, धनकुटामा ८, कैलालीमा १, रामेछापमा १ जोडी किसानले संयुक्त पुर्जा निर्माण गरी भूमिमा महिला-पुरुषको बराबरी स्वामित्व कायम गराएका छन् ।



## लेखन सिप कार्याशाला

आत्मनिर्भर केन्द्र, स्रोत केन्द्र- ३ को आयोजनामा 'लेखन सिप कार्यशाला' भयो । ललितपुरमा भएको कार्यशालामा लेखन सिप, भाषा शुद्धीकरण, पाठकपत्र लेखन, मासिक खबर लेखन, फोटो खिच्ने तरिका, प्रस्तावना, प्रतिवेदन र घटना अध्ययन लेखनबारे व्यावहारिक अभ्यास गराइएको थियो ।

तालिमबाट सहभागीमा पाठकपत्र लेखन, मासिक खबर लेखन, प्रतिवेदन र घटना अध्ययन लेखनबारे ज्ञान बढेको छ । तालिमका सहभागी कार्यकर्ताले पाठकपत्र लेखी इमेल गर्न थालेका छन् । साउन २२ देखि २५ सम्म भएको तालिममा ७ जिल्लाका २५ (१४ महिला, ९ जनजाति र ४ दलित) सहभागी थिए ।

## हार्दिक श्रद्धाञ्जली



**जन्मः**
जन्मः २०४२/०९/१६

**स्वर्गारोहणः**
मृत्युः २०७१/०५/०५

**स्व. लता घतानी**

भूमि अधिकार आन्दोलनअन्तर्गत झापाकी पूर्व जिल्ला संयोजक, भूमि अधिकारकर्मी **श्री लता घतानी**को असमायीक निधनको खबरबाट स्तब्ध भएका छौँ । यस दुःखद् घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै परिवार र आफन्तजन प्रति धैर्य धारण गर्न सक्ने शक्ति मिलोस् भन्दै **स्व.घतानी** प्रति हार्दिक श्रद्धाञ्जली प्रकट गर्दछौं । उहाँले भूमि आन्दोलनमा पुऱ्याउनु भएको योगदानको स्मरण गरिरहने छौं ।

जिल्ला भूमि अधिकार मञ्च, झापा | राष्ट्रिय भूमि अधिकार मञ्च, नेपाल | अभियान नेपाल | CSRC आत्मनिर्भर केन्द्र



## समावेशी गाउँ मञ्च, ओखलढुङ्गा

समावेशी गाउँ भूमि अधिकार मञ्चमा, च्यानाम गाविस ४ र ७ वडाका ३२ परिवार (१८ दलित, १ जनजाति, अन्य १३) संलग्न छन् जसमा ३१ जना महिला र १ पुरुष सङ्गठित छन् । उनीहरूलाई आफ्नो जमिनको उत्पादनले ६ महिना पनि खान नपुग्ने अवस्था छ । बैठक हरेक महिनाको ७ गते बस्छ । २०६९, वैशाखमा गठन भएको गाउँ मञ्चका ११ सदस्यले संयुक्त पुर्जा बनाएका छन् । सबैले मञ्चको सदस्यता लिई वार्षिकरूपमा नवीकरण गराएका छन् ।

मञ्चमा ३ हजार ८ सय २० रूपियाँ आन्दोलन कोष जम्मा भएको छ । सदस्यहरूले सङ्गठन के हो ? भूमि अधिकार मञ्च किन ? आन्दोलन कोष केका लागि ? भूमिमा महिलाको स्वामित्व किन ? संयुक्त पुर्जाको महत्व जस्ता विषयमा नियमित छलफल गर्छन् ।

मञ्चका सदस्यमध्ये धनमाया कटवाल, मैयाँ श्रेष्ठ, रमा कार्की, भीम बिक अगुवा कृषक हुन् । उनीहरूले राम्रो तरकारी उत्पादन गरी वार्षिक १ लाखसम्म आम्दानी लिन्छन् । गाउँ मञ्चले आफ्नै भूमि घर निर्माण गर्ने, सबै सदस्यले संयुक्त पुर्जा निर्माण गर्ने, तरकारी खेती तथा अन्य उत्पादनमूलक काम गर्ने र गाउँ मञ्चमा आन्दोलन कोष बढाउँदै लाने योजना बनाएको छ । मञ्चका सबै सदस्य परिवर्तनशील महिला कृषि सहकारीमा पनि सङ्गठित छन् । सहकारीबाट तरकारी खेतीका लागि ऋण सापटी लिन र आम्दानी भएको केही रकम बचत गर्न सहज भएको छ ।

## कालिका शिवगङ्गा गाउँ भूमि अधिकार मञ्च, कैलाली

कैलालीको कालिका गाविस–४ मा २०६३ मा कालिका शिवगङ्गा गाउँ भूमि अधिकार मञ्च गठन भएको हो । मञ्चमा सुकुम्बासी, हलिया तथा मुक्त कमैया गरी ६० परिवार सङ्गठित छन् । भूमिहीन बस्ती शिवगङ्गा नदीको ऐलानी जग्गामा छ । ऐलानी जग्गामा बसोबास गरेको भनी सामुदायिक वन समितिका पदाधिकारीले धम्काउने गरेका छन् । २०७० चैत २५ गते बस्ती खाली गर्न जिल्ला वन कार्यालयबाट सूचना टाँस भयो । गाउँ मञ्च र जिल्ला भूमि अधिकार मञ्चका ६ सयभन्दा बढी भूमिहीन आन्दोलनमा उत्रिएपछि प्रमुख जिल्ला अधिकारीले विकल्पबिना बस्ती नउठाउने आश्वासन दिएका छन् । गाउँ मञ्चको बैठक महिनाको ५ गते हुन्छ । आन्दोलन कोषमा ८ हजार रुपियाँ जम्मा भएको छ । सबैले फोटोसहितको सदस्यतापत्र लिएका छन् । ५ जना अगुवा छन् ।

भूमि अधिकार मञ्चको पहलमा बस्ती दर्ता भई गाविसले प्रमाणपत्र दिएको छ । २०६७ साल असार २९ गते धान रोपाईंका लागि खेत जोतिरहेका एक किसानलाई वनपाले आई समातेर क्षेत्रीय वन कार्यालयमा लगेर थुने । गाउँ मञ्च र जिल्ला मञ्चका अध्यक्षसहितको टोली क्षेत्रीय वन कार्यालयमा पुगी उनलाई छुटाए । भूमि अधिकार मञ्चले अधिकार लिन र बस्ती संरक्षणमा सहयोग गरेपछि सबैमा विश्वास पलाएको छ । बस्तीमा २२ बालबालिका विद्यालय जाने उमेरका छन् । विद्यालय टाढा छ । गाउँ मञ्चले जिल्ला मञ्चलाई गाउँमा विद्यालयका लागि पहल गर्न भनेपछि गाउँमै बाल शिक्षा कक्षा सञ्चालन भइरहेको छ । अब दरबन्दीकै शिक्षक माग गरी आधारभूत शिक्षा (टाढाको विद्यालय जान नसक्नेलाई) गाउँमै सञ्चालन गर्न जिल्ला शिक्षा कार्यालयलगायत विभिन्न निकायमा निवेदन दर्ता गर्ने काम गाउँ मञ्चकै सक्रियतामा गराइएको छ ।

# पाठक प्रतिक्रिया

मानननीय सभासद् ज्यू,

हजुर आरामै हुनुहुन्छ भनि आशा राखेको छु । म पनी यहाँ सन्चै छु । सभासद्ज्यू, गत संविधान सभा निर्वाचनमा आउँदा 'मलाई भोट दिनुहोस् बत्ति दिउँला छोरालाई जागिर लगाई दिउँला, नयाँ संविधान ऐलानी जग्गाको लालपुर्जा बनाई दिन्छौं' भन्नुभएको थियो । जुन कुरा हाम्रो कानमा ताजै छन् । हामीले तपाईंलाई विश्वास गरी चुनाव जिताएर पठाएका छौं । अहिले तपाइँ संविधान बनाउने काममा व्यस्त हुनुहुन्छ भन्ने सुनेकी छु । मूल कानुनको रूपमा बन्न लागेको संविधानमा भूमि पीडितहरूको ऐलानी जग्गा रैकर गरी लालपुर्जा दिने सुनिश्चत गरिदिनको लागि भूमिका खेलिदिनुहुन अनुरोध छ । अहिले हामीलाई बत्ति चाहीएको छैन, छोरालाई जागिर पनि होइन, आफू बसेको जग्गाको स्वामित्व चाहिएको छ । थोपा-थोपा आँशु चुवाई लेखेको पत्र तपाइँलाई पठाएका छौं । तपाइँको बाचा नबिर्सी दिनु होला । जय भूमि ।

रङ्गपुर रौतहटकी भूमिहीन फूलमती कुशवर माझिले २०७१ भदौ १५ गते सभासद्लाई लेखेको पत्रको अंश ।

माननीय सभासद्ज्यू,

तपाइँ आरामै हुनुहुन्छ । म पनी आरामै छु । म केही मनको कुरा लेख्न गइरहेको छु । आफ्नो अन्त कतै जमिन नभएर मेरो परिवार १ कठ्ठा ऐलानी जमिनमा १० वर्षपहिले देखि बसोबास गरिरहेका छौं । २०७० मंसिर ४ मा भएको चुनावमा घरदैलो कार्यक्रम गर्दै हाम्रो गाउँमा आइपुग्नु भयो । 'गरिबलाई बसोबास गरेको ठाउँको लालपुर्जा बनाई दिन्छु' भनि बोल्नु भयो । तर संविधान सभाको निर्वाचन सकिए पछि फर्केर आउनु भएको छैन । गरिबलाई गाँस, बाँस र कपासको ग्यारेण्टी हुनु पर्‍यो । ऐलानी जमिनको लालपुर्जा दिलाईदिनु पर्‍यो । जुन कुरा आगामी संविधानमा लेख्नको लागि तपाइँले उल्लेखनीय भूमिका खेल्नुहुनेछ भन्ने म जस्ता भूमिहीन धेरैले आशा र भरोसा गरेका छन् । हामीलाई दिएको बाचा नबिर्सिनु होला । जय भूमि ।

सप्तरी शम्भुनाथ नपा ३, का भूमिहीन निलम सदाले सभासद्लाई लेखेको पत्रको अंश ।

माननीय सभासद् ज्यू,

मकवानपुर जिल्ला भूमि अधिकार मञ्चको तर्फबाट न्यानो अभिवादन ! माननीयज्यू खोई हजुरलाई के उपहारबाट सम्मान गरौं, केही दिन सक्दैनौ । तर एउटा मात्र चिज छ, स्वतन्त्र मन ! त्यो मन हामीले माननीयज्यूलाई २०७० मंसिर ०४ गते दिइसक्यौं ।

तपाईंले भन्नुभयो 'ऐलानी जमिनलाई रैतानी नम्बरी गरी भूमिहीनको समस्या समाधान गरिदिन्छौं ।' हामी यसैबाट प्रभावित भयौं । अमूल्य मतदान गरी संविधान सभामा जिताएर पठाएका छौं । अब बन्ने संविधानमा तपाईंले चुनावमा बोलेजस्तै हामी सबै भूमिहीनको समस्या समाधान गर्नको लागि ठूलो भूमिका खेल्नुहुनेछ भन्ने आशा लिएर बसेका छौं । लामो समयदेखि दुःख र सङ्घर्षहरू पार गर्दै आयौं । हामीलाई पनि सुखी जीवन जिउन ठूलो रहर छ । यसकारण देशमा भूमि सुधार गरी सम्पूर्ण भूमि अधिकारबाट वञ्चितहरूको सपना साकार पार्नको लागि यहाँको कदम सकारात्मक रहोस्, जय भूमि ।

जिल्ला भूमि अधिकार मकवानपुरका अजय लामा र शुसिला माझिले २०७१ भदौ २५ गते सभासद्लाई लेखेको पत्रको अंश ।

माननीय सभासदज्यू,

सभासद्ज्यूहरूको कार्यकालको उत्तरोत्तर प्रगतिको कामना गर्दछौं । २०६९ असास १३ गते ओखलढुङ्गामा भूमि अधिकार मञ्च गठन गरी भूमि अधिकारबाट वञ्चितहरूको पक्षमा हामी वकालत गरिरहेका छौं ।

२०७० मंसिर ४ गते भएको दोस्रो संविधान सभाको निर्वाचमा हामीले भारी मत दिएर यहाँलाई मुलुकको संविधान बनाउने ठाउँमा पुऱ्याएका छौं । चुनावको दौरानमा हाम्रो गाउँ घरमा आउँदा यहाँले पटकपटक भूमिहीन, सुकुम्बासी र सम्पूर्ण भूमिको समस्या समाधान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । जसले हाम्रो मन छोयो । हामीले परिवर्तनको ठूलो आशा गरेका छौं र यहाँ प्रति त्यतीकै भरोसा पनि गरेका पनि छौं । तसर्थ संविधान सभामा हाम्रो मुद्दाहरूलाई गम्भीर भई बहसको रूपमा उठाई संविधानमा लेखिदिनको लागि आग्रहका साथ यो पत्र लेखेका छौं ।

जिल्ला भूमि अधिकार मञ्च, ओखलढुङ्गाका अध्यक्ष अमृतबहादुर बस्नेतले २०७१ भदौ २५ गते सभासद्लाई लेखेको पत्रको अंश ।

माननीय सभासदज्यूहरू

सभासदज्यू यहाँहरूको कुशल मंगलताको कामना गर्दै केही विषय उठान स्वरूप यो पत्र लेखिरहेका छौं । यसै पत्रसाथ, लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान लेखन कार्यलाई सफलतापूर्वक अगाडी बढाई गरिब, भूमिहीन किसानहरूको गाँस, बास, कपास र जीविकोपार्जनको ग्यारेन्टी हुने संविधान लेखाउन प्रयासरत रहन हामी जनताको तर्फबाट हार्दिक आह्वान गर्दछौं । चुनावि प्रतिबद्धताअनुसार जिल्लामा रहेका भूमिहीनहरूको कारुणिक र गरिबीको रुग्नताको सम्बोधन संविधानमार्फत गरिनु अति जरुरी छ । हाम्रा आवश्यकतालाई नजर अन्दाज नगरियोस नभए बिर्ता पीडितहरू पुनः आन्दोलित हुन पनि सक्ने कुरा जानकारी गराउँछौं । जय भूमि ।

जिलिङ-९, नुवाकोटका रामचन्द्र गजुरेलले २०७१ भदौ २५ गते सभासद्लाई लेखेको पत्रको अंश ।




नयाँ संविधानमा भूमि सुधारको ग्यारेण्टी गरिनुपर्ने माग राख्दै किसानहरूले निकालेको दवाबमूलक र्‍याली- उदयपुर ।



जनमुखी संविधान निर्माणको माग गर्दै भूमि अधिकारबाट वञ्चितहरूले आयोजना गरेको बृहत सभा- सुर्खेत ।




जग्गालाई मौलिक हकमा राख्न नपाइने माग राख्दै भूमि अधिकारबाट वञ्चितहरूले निकालेको दवाबमूलक र्‍याली- सिरहा